# स्थानीय राजपत्र

रत्ननगर नगरपालिकाद्वारा प्रकाशित

खण्डः ८ संख्याः १ मितिः २०८१ बैशाख १५

## भाग- २

## रत्ननगर नगरपालिका नगर प्रहरी सेवा सञ्चालन कार्यविधि, २०८०

रत्ननगर नगरपालिका

**नगर कार्यपालिकाको कार्यालय**

रत्ननगर, चितवन

बागमती प्रदेश, नेपाल



CamScanner

# रत्ननगर नगरपालिका नगर प्रहरी सेवा सञ्चालन कार्यविधि, २०८०

नगरसभाबाट पारित मितिः २०८०।१२।३०

प्रमाणीकरण मितिः२०८१।०१।०७

राजपत्रमा प्रकाशित मितिः २०८१।०१।१५

**प्रस्तावनाः**

स्थानीय तहलाई तोकिएको अधिकार क्षेत्रभित्रका विषयमा आवश्यक कानून बनाई नगरपालिका क्षेत्रभित्र कानुनको प्रभावकारी कार्यान्वयन गराउन सहयोग गर्न, सार्वजनिक सम्पतिको संरक्षणमा सहयोग गर्न, नगर मापदण्डको कार्यन्वयन गराउन र सार्वजनिक सुरक्षा कायम गर्न; नगर प्रहरी सम्बन्धी नीति, कानुन र मापदण्डको निर्माण तथा कार्यन्वयन गर्न वाञ्छनीय भएकोले नेपालको संविधानको अनुसूची ८ तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ को उपदफा (२) क १ ले दिएको अधिकार प्रयोग गरी रत्ननगर नगरपालिकाको विशेष नगरसभाले प्रस्तावित विधेयकमा व्यापक संशोधन सहित यो कार्यविधि बनाएको छ।

## परिच्छेद–१
## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भः**

(१) यो कार्यविधिको नाम "रत्ननगर नगरपालिका नगर प्रहरी सेवा सञ्चालन कार्यविधि २०८०" रहेको छ।

(२) यो कार्यविधि नगर सभाले स्वीकृत गरेपछि नगर क्षेत्रभित्र तुरुन्त लागू हुनेछ।

२. **परिभाषाः**विषय र प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमाः—

(क) "संविधान" भन्नाले नेपालको संविधानलाई सम्झनुपर्छ।

(ख) "ऐन" भन्नाले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ लाई सम्झनु पर्दछ।

(ग) "कार्यविधि" भन्नाले रत्ननगर नगरपालिका नगर प्रहरी सेवा सञ्चालन कार्यविधि २०८० लाई सम्झनुपर्छ।

(घ) "नगरपालिका" भन्नाले रत्ननगर नगरपालिकाको निश्चित भूगोल क्षेत्र तथा शासकीय तह सम्झनु पर्दछ।





(ङ) "प्रमुख" भन्नाले रत्ननगर नगरपालिकाको नगर प्रमुखलाई सम्झनु पर्दछ।

(च) "अधिकृत" भन्नाले रत्ननगर नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृत तथा सो मातहत सम्बन्धित कार्यको जिम्मेवारी तोकिएको अधिकृत स्तरको कर्मचारीलाई सम्झनुपर्दछ।

(छ) "समिति" भन्नाले रत्ननगर नगरपालिका पदपूर्ति समितिलाई सम्झनु पर्दछ।

(ज) "नगर प्रहरी" भन्नाले रत्ननगर नगरपालिकाबाट नियुक्त प्रहरी कर्मचारीलाई सम्झनु पर्दछ।

(झ) "अस्थायी पद" भन्नाले म्याद तोकिएको र नगरपालिकाको नगर सभाद्वारा स्वीकृत अस्थायी पदलाई सम्झनु पर्दछ।

(ञ) "परिवार" भन्नाले नगर प्रहरी कर्मचारीसँग बस्ने निज तथा आफैले पालन पोषण गर्नुपर्ने कर्मचारीको पति, पत्नी, छोरा, अविवाहित छोरी, धर्मपुत्र, अविवाहित धर्मपुत्री, बाबु, आमा वा सौतेनी आमा सम्झनु पर्दछ र सो शब्दले पुरुष प्रहरीको हकमा निजको बाजे, बज्यै तथा महिला नगर प्रहरीको हकमा निजको सासु ससुरा समेतलाइ जनाउँछ।

(ट) "भत्ता" भन्नाले रत्ननगर नगर कार्यपालिकाले समय समयमा तोकिदिए बमोजिमको भत्तालाई सम्झनु पर्दछ।

(ठ) "आर्थिक वर्ष" भन्नाले प्रत्येक श्रावण १ गतेदेखि सुरु भई अर्को आषाढ मसान्तमा समाप्त हुने अवधिलाई सम्झनु पर्दछ।

(ड) "कार्यपालिका" भन्नाले रत्ननगर नगरपालिकाको नगर कार्यपालिका सम्झनु पर्दछ।

(ढ) "तोकिएको "वा" तोकिए वमोजिम" भन्नाले रत्ननगर नगरपालिकाले समय समयमा निर्णय गरी तोकिएका विभिन्न मापदण्ड तथा नीतिगत व्यवस्थालाई सम्झनुपर्छ।

(ण) "नगर प्रहरी कर्मचारी" भन्नाले रत्ननगर नगरपालिकाको नगर प्रहरी कमाण्डर र सदस्यलाई सम्झनुपर्छ।

(त) "कमाण्डर" भन्नाले टोलि प्रमुखलाई सम्झनु पर्छ।



CamScanner

## परिच्छेद २

## नगर प्रहरी सेवा इकाइको गठन, पदपूर्ति, योग्यता, सेवा सुविधा, सञ्चालन तथा नियन्त्रण

३. **नगर प्रहरी सेवाको गठन:**

(१) नगरपालिकामा एक नगर प्रहरी सेवा इकाइ रहनेछ । नगर प्रहरी सेवाको गठन र त्यसमा रहने नगर प्रहरी कर्मचारीहरुको पद र संख्या दफा ४ को उपदफा २ बमोजिम हुनेछ ।

४. **नगरपालिकामा रहने नगर प्रहरीको पद, तह र दर्ज्यानी चिह्न:**

(१) नगर प्रहरीको संख्या सङ्गठन संरचनाको निश्चित पदसोपान तथा कमाण्डरको तहमा आधारित हुनेछ ।

(२) नगर प्रहरी सहायक निरीक्षकको कमाण्डमा १५ देखि १९ जनासम्मको फौजको लागी रत्ननगर नगरपालिका नगर प्रहरीका पदहरु निम्न बमोजिम हुनेछन् । नगर प्रहरीको पद, तह र दर्ज्यानी चिन्ह अनुसूची १ बमोजिम हुनेछ ।

| | |
|---|---|
| क) कमाण्डर: सहायक नगर प्रहरी निरिक्षक | १ |
| ख) नगर प्रहरी हवल्दार | २ |
| ग) नगर प्रहरी सहायक हवल्दार | २ |
| घ) नगर पर्यटक प्रहरी जवान | २ |
| ङ) नगर प्रहरी जवान | १२ |

(३) नगरपालिकाले निर्देशिका बनाई प्रत्येक पदको कार्य विवरण लागु गर्नेछ र त्यस्तो कार्य विवरणमा सम्वन्धित पदको काम, कर्तव्य, उत्तरदायित्व तथा अधिकार समेत उल्लेख गरिनेछ ।

(४) नगर प्रहरी प्रमुख लगायत नगर प्रहरी कर्मचारीहरुको काम, कर्तव्य र अधिकार दफा ५ बमोजिम र कार्यविवरण अनुसूची २ बमोजिम हुनेछ ।

## परिच्छेद– ३

## नगर प्रहरीको काम, कर्तव्य र अधिकार

५. **नगर प्रहरीको काम, कर्तव्य र अधिकार:**

(१) सार्वजनिक आवागमनमा बाधा पुर्‍याई राखेका निर्माण सामाग्री पसल



व्यवसायबाट भएको अवरोध हटाउन लगाउने नमानेमा आफै हटाई, हटाउन लाग्ने खर्च सम्बन्धित व्यक्तिबाट असूल उपर गर्न पेश गर्ने ।

(२) नगरपालिका क्षेत्रभित्र दैनिक उत्पादन हुने फोहरमैला निर्धारित समय र स्थानमा राख्न लगाई कानुन बमोजिम कारवाही गर्न पेश गर्ने ।

(३) सार्वजनिक जग्गा बाटो मठ, मन्दिर, ढल, नाला, चोक, पोखरी जस्ता सार्वजनिक सम्पदा र सम्पतिमा कसैले घर कम्पाउण्ड, टहरा वा त्यस्तै अन्य निर्माण कार्य गरेको अथवा व्यक्तिगत रुपले उपभोग गरेको छ, छैन निरीक्षण गर्ने । निर्माण गरेको देखिएमा निर्माण कार्य रोक्का गरी कानून बमोजिम अधिकृत मार्फत निर्णय गर्ने अधिकारी समक्ष प्रतिवेदन पेश गर्ने र निर्णयको कार्यान्वयन गर्न लगाउने ।

(४) नगरपालिका क्षेत्रभित्रका भवन लगायत संरचनामा निर्माण कार्यमा नगरपालिकाले निर्धारण गरेबमोजिम नक्सापास मापदण्ड लागु भए नभएको नियमित चेकजाँच गर्ने र सो सम्बन्धी प्रतिवेदन अधिकृत समक्ष पेश गर्ने र मापदण्ड विपरित निर्माण भएको देखिए भत्काउने आदेश दिएमा भत्काउने ।

(५) छाडा पशु चौपाया नियन्त्रणमा लिएर लिलाम हुन नसकेका छाडा पशु व्यवस्थापनका लागी आवश्यक प्रस्ताव सहित पेश गर्ने ।

(६) कुकुर लगायत घरपालुवा जनावरहरु छाडा छोड्न नदिने यदि छाडा गरेमा सम्वन्धी मालिकलाई कानून बमोजिम कारवाहीका लागि पेश गर्नेर मरेका जीवजन्तु समयमै गाड्न लगाउने वा व्यवस्थापन गर्ने ।

(७) खाद्य पदार्थमा अखाद्य वस्तु मिसावट गरेको, म्याद गुज्रेका तथा सडेका वस्तु बिक्रि वितरण गरेको, अखाद्य वस्तुलाइ खाद्य वस्तुको नाम वा रुप दिइ बिक्रि वितरण गरेको जस्ता उपभोक्ता हित तथा स्वास्थ्य प्रतिकुल वस्तुको व्यापारमा रोक लगाउने र सोको कार्वाहीका लागी सम्बन्धित सरोकारवाला निकायमा पेश गर्ने ।

(८) रोगी वा कानूनले निषेध गरेका पशुपंक्षी र जीवजन्तुहरु काटमार तथा मासु लगायत शरीरका कुनै पनि अंगको बिक्री वितरणमा रोक लगाउने र अटेर गरेमा जफत वा नष्ट गरी सम्बन्धित निकाय वा व्यक्तिलाइ फिर्ता गर्न लगाइ जरिवानाका लागि पेश गर्ने ।

(९) मानवीय तथा अन्य सुरक्षाका दृष्टिले जोखिमपुर्ण रुख वा अन्य कुनै पनि

किसिमका संरचनाहरुको विवरण नियमित रुपमा संकलन गरी सो को व्यवस्थापनका लागी पेश गर्ने र सम्बन्धित पक्षलाई निर्णय कार्यन्वयन गर्न लगाउने वा गर्ने ।

(१०) वडा समिति, टोल विकास समिति तथा अन्य सरोकारसँगको सहकार्यमा सरसफाई, सुरक्षा र सामाजिक विकृति हटाउने कार्य गर्ने गराउने ।

(११) नगरपालिका कार्यपालिका, समिति, उपसमिति, शाखाहरुबाट लागू हुने नीति, निर्णय, नियम र कानून कार्यान्वयनमा सहयोग, समन्वय र सहजीकरण गर्ने ।

(१२) नगरपालिकाको सुव्यवस्था कायम गर्ने, नगरापालिकाको चल,अचल सम्पत्ति, भवन, जग्गा, पार्क, मेशिन, उपकरण आदिको सुरक्षा गर्ने व्यस्थापन गर्ने ।

(१३) ईजाजत विना पेशा, व्यवसाय गरे नगरेको नियमित चेक जाँच गर्ने र नगरेको पाइएमा कानुन बमोजिम पेशा व्यवसायको दर्ता/नवीकरण गर्न लगाउने ।

(१४) रत्ननगर नगरपालिका क्षेत्रमा भित्ते लेखन, पोल व्यानर, क्रस व्यानर र विज्ञापन तथा कानुन बमोजिम निषेधित विज्ञापन प्रचारप्रसार सामाग्री र पोष्टर टाँस्ने कार्यमा पूर्णतया प्रतिवन्ध लगाउने अटेर गर्नेलाई जरिवाना तथा कारवाहीका लागी पेश गर्ने ।

(१५) विना ईजाजत व्यानर, होडिङ्ग वोर्ड, लगायतका अन्य विज्ञापन सामाग्री राखेको पाईएमा ईजाजत लिन लगाउने नमानेमा जरिवाना गर्ने ।

(१६) नगरपालिकाले सञ्चालन गर्ने वा भाग लिने, सभा सम्मेलन, तालिम, अभ्यास आदि जस्ता कार्यक्रममा नगरपालिकाको तर्फबाट तोकिए बमोजिम प्रतिनिधित्व गर्ने ।

(१७) नापतौलका सामाग्रीको चेक जाँच गर्ने, पसल व्यवसायमा मूल्य सूचि राख्न लगाउने तथा चेक गर्ने ।

(१८) होटल, रेष्टुरेन्ट, गेष्ट हाउस, ब्युटिपार्लर जस्ता गतिविधिहरुको नियमित निरीक्षण गर्ने, दर्ता नविकरण लगायत मापदण्डको कार्यन्वयन गराउने, अटेर गर्नेलाइ कारवाहीका लागि पेश गर्ने

(१९) नगरपालिका क्षेत्रभित्र सार्वजनिक स्थलमा जादु, सर्कस, जुवा तास फटका मदिरा धूमपान लगायतका विकृतिजन्य क्रियाकलापमा नेपाल प्रहरीको समन्वयमा रोक लगाउने ।





(२०) रत्ननगर नगरपालिकाको निर्णय अनुसार अस्थायी प्रकृतिका बजार व्यवस्था गर्ने, त्यस्तो व्यापारीहरुको लगत राख्ने ।

(२१) अरुलाई बाधा पुग्ने गरी लाउड स्पिकर, रेडियो अथवा ध्वनी उत्पादन गर्ने अन्य उपकरण प्रयोगमा प्रतिबन्ध लगाउने, कार्यक्रम स्थलको सिमित ध्वनी प्रणालीको कार्यन्वयन गराउने ।

(२२) नगरपालिका क्षेत्रभित्र ध्वनी, धुवा, प्रकाश अथवा अन्य कुनै कारणले सार्वजनिक रुपमा बाधा पुग्ने गरी उद्योग धन्दा सञ्चालनमा रोक लगाउने ।

(२३) रत्ननगर नगरक्षेत्र भित्रका निजी सुरक्षा गार्ड आपूर्ति व्यवसाय सञ्चालन गर्ने फर्म, कम्पनी सञ्चालकहरुको सूची तयार गरी लगत राख्ने र सोको नियमित अनुगमन गरी आवश्यक व्यवस्थाका लागि पेश गर्ने ।

(२४) प्राकृतिक तथा अन्य किसिमका विपद, महामारीको पूर्वतयारी योजना कार्यन्वयन गराउने प्रकोप प्रतिकार्य, उद्धार, राहत वितरण तथा पूननिर्माण कार्यमा खटिने ।

(२५) नगरपालिका मातहतका शाखाहरु, कार्यक्रम वा कुनै परियोजना अन्तर्गत तोकिए बमोजिमका कार्यहरु गर्ने गराउने ।

(२६) रत्ननगर नगरपालिका अन्तरतका शाखा तथा आयोजनाबाट भएका निर्णय कार्यान्वयनका लागि प्राप्त भएका आदेश तथा निर्देशन कार्यान्वयन गरी सोको विवरण तोकिएको समय भित्र उपलब्ध गराउने ।

(२७) माथि तोकिए बमोजिमका कार्य जिम्मेवारीको अधिकृत समक्ष नियमित लिखित वा मौखिक प्रतिवेदन गर्ने ।

(२८) अधिकृतको सिफारिसमा नगरकार्यपालिकाले समय समयमा तोकेका अन्य कार्यहरु गर्ने गराउने ।

**६. कार्यविधिको व्याख्या नगर कार्यपालिकाले गर्नेः**

(१) कुनै अधिकारीले यस कार्यविधिको प्रयोग गर्दा नगर प्रहरी कर्मचारीलाई मर्का परेमा निजले नगरकार्यपालिका समक्ष निवेदन दिन सक्नेछ । उपनियम १ को सम्वन्धमा नगर कार्यपालिकाले निवेदन परेको मितिले ३० दिनभित्रमा निर्णय गरिसक्नु पर्नेछ । कार्यविधिको व्याख्या गर्ने अन्तिम अधिकार नगर कार्यपालिकाको हुनेछ ।



CamScanner

## परिच्छेद– ४
## तह विभाजन र पदपूर्ति

७. **अस्थायी पद श्रृजना तथा दरवन्दी खारेजः**

(१) नगरपालिकामा रहने नगर प्रहरीको विभिन्न तहका दरवन्दीहरुको श्रृजना तथा खारेजी नगर कार्यपालिकाको सिफारिसमा नगरसभाले पारित गरे वमोजिम हुनेछ।

(२) पद श्रृजना तथा खारेजीका लागि प्रस्ताव पेश गर्नु भन्दा अघि सो पद श्रृजना गर्नुपर्ने कारण, प्रस्तावित पदले गर्नुपर्ने कामको विवरण, मौजुदा दरवन्दीले थप भएको कार्यबोझलाई सम्पादन गर्न सक्ने नसक्ने अवस्था, आर्थिक क्षमता तथा प्रस्तावित पदले संगठनात्मक स्वरुपमा पार्ने प्रभाव स्पष्ट गरी अधिकृतले कार्यपालिका समक्ष पेश गर्नु पर्नेछ।

८. **नियुक्ति गर्ने अधिकारीः** पदपूर्ति समितिको सिफारिसमा प्रमुख प्रशासकीय अधिकृतले नगर प्रहरीको नियुक्ति गर्नेछ।

९. **पदपूर्तिको किसिम र छनौट सम्बन्धी व्यवस्थाः**

(१) नगर प्रहरी कर्मचारीको पदपूर्ति किसिम देहाय बमोजिम हुनेछ।

क. प्रारम्भिक स्वास्थ्य परीक्षण

ख. शारीरिक तन्दुरुस्ती परीक्षण

ग. अन्तरबार्ता

(२) नगर प्रहरी कर्मचारीलाई कार्यालयले करारमा राख्ने प्रयोजनको लागि सूचिकरण तथा छनौट सम्बन्धी व्यवस्था देहाय बमोजिम हुनेछः

(३) नगर प्रहरी कर्मचारीको तोकिएको कार्य विवरण बमोजिम पद, योग्यता, पारिश्रमिक, सेवा शर्त समेत तोकी सम्बन्धित कार्यालयको सूचनापाटी, वेभसाईट तथा अन्य कुनै सार्वजनिक स्थलमा अनुसूची- ३ बमोजिमको ढाँचामा कम्तीमा १५ (पन्ध्र) दिनको सूचना प्रकाशन गर्नुपर्नेछ।

(४) दरखास्त फारामको नमूना अनुसूची-४ बमोजिम हुनेछ। आवेदन दस्तुर नगरपालिकाबाट निर्धारण भए बमोजिम हुनेछ।

(५) नगर प्रहरी कर्मचारीका लागि आवेदन दिने उम्मेदवारहरुको प्रारम्भिक स्वास्थ्य परीक्षण तथा शारीरिक तन्दुरुस्ती परीक्षण अनुसूची ३ बमोजिम हुनेछ।

(६) उपदफा (५) बमोजिमको परीक्षामा उत्तीर्ण उम्मेदवारहरुलाई देहायको





आधारमा पदपूर्ति समितिले मूल्याङ्कन गर्नुपर्नेछ :

(क) शैक्षिक योग्यता बापत - ६० (साठी) अंक, (न्यूनतम शैक्षिक योग्यता बापत ५० र माथिल्लो शैक्षिक योग्यता बापत थप १० अंक)।

(ख) कार्य अनुभव बापत - १० (दश) अंक (प्रति वर्ष २ अंकको दरले, नेपाली सेना, नेपाल प्रहरी र सशस्त्र प्रहरी बल नेपालमा सेवा गरेको प्रमाणित पत्र संलग्न भएको हुनुपर्ने)।

(ग) स्थानीय बासिन्दालाई देहाय बमोजिम - १० (दश) अंक

१. रत्ननगर नगरपालिकाको बासिन्दा भएमा – १० (दश) अंक

२. चितवन जिल्लाको बासिन्दा भएमा - ५ (पाँच) अंक

(घ) अन्तवार्तामा अधिकतम २० (बीस) अंक। यस अनुसार अकं प्रदान गर्दा न्यूनतम ८ (आठ) र अधिकतम १४ (चौध) को सीमाभित्र रही प्रदान गर्नुपर्नेछ।

१०. **पदपूर्ति गर्ने तरिकाः**

(१) पहिलो पटकका लागि नगर प्रहरीको सबै पदमा शत प्रतिशत खुला प्रतियोगिताबाट पदपूर्ति गरिनेछ। तर यस अघि करार सेवाबाट नियुक्त भएका नगर प्रहरीलाई नियमित गरिनेछ भने ज्यालादारीमा काम काज गरी राखेका नगर प्रहरीहरुका लागि पहिलो पटकका लागि खुला प्रतियोगितामा भाग लिन उमेरको हद लाग्ने छैन।

(२) दफा १०(१) बमोजिम खुल्ला प्रतियोगिताद्धारा पदपूर्ति गर्दा २ भन्दा बढी पद भएको अवस्थामा नगर प्रहरीलाई समावेशी बनाउन खुल्ला प्रतियोगिताद्धारा पूर्ति हुने पदमा देहाय बमोजिम प्रतिशत निर्धारण गरी सोही क्षेत्रका प्रतिस्पर्धिलाई छुट्टाछुट्टै प्रतिस्पर्धा गराई पदपूर्ति गरिनेछ।

**देहाय**

| | |
|---|---|
| १) खुला | ७० प्रतिशत |
| २) खुला महिला | २० प्रतिशत |
| ३) खुला दलित /अल्पसंख्यक | १० प्रतिशत |

स्पष्टीकरणः

(३) यस नियामावलीको खण्ड २,३ को प्रयोजनको लागि महिला र दलित/ अल्पसंख्यक भन्नाले आर्थिक र सामाजिक रुपमा सिमान्तकृत र पछाडि परेका विपन्न बर्गलाई सम्झनु पर्छ।



CamScanner

(४) उपदफा २ बमोजिम पदपूर्ति गर्ने प्रयोजनका लागि आर्थिक तथा सामाजिक रुपमा पछाडि परेका महिला र दलित/अल्पसंख्यक समुदायको विवरण नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी तोकिएबमोजिम हुनेछ । तर त्यसरी नतोकेसम्मको लागि जुनसुकै महिला र दलित/अल्पसंख्यक समुदायलाई आर्थिक तथा सामाजिक रुपमा पछाडि परेको समुदाय मानिनेछ ।

(५) दफा १० (२) बमोजिम छुट्याइएका पदको लागि दरखास्त पेश गर्दा देहाय बमोजिमका प्रमाण संलग्न हुनुपर्नेछ ।

(क) दलितका लागि राष्ट्रिय दलित आयोगबाट वा जिल्ला/इलाका प्रशासन कार्यालयबाट दलित भनी प्रमाणित भएको ।

(ख) अल्पसंख्यकका लागि जिल्ला/इलाका प्रशासन कार्यालयबाट अल्पसंख्यक भनी प्रमाणित भएको ।

(ग) दफा १०(२) बमोजिम प्रतिशत निर्धारण गर्दा एक प्रतिशतभन्दा कम घतांक(फ्रयाक्सन) आएमा त्यस्तो घतांक जुन समुदायको हकमा आएको हो सोभन्दा लगतै पछिका समुदायमा सर्दै जानेछ।त्यसरी धातांक सर्दै जाँदा कुनै समुहमा पनि पूर्ण अंक नपुगेमा उक्त संख्या पहिलो पटकका लागि खुलामा नै कायम गरिनेछ ।

(घ) उपनियम १० (२) बमोजिम छुट्याइएको पदमा कुनै दरखास्त नपरेमा वा आवश्यक संख्यामा उम्मेदवार उत्तीर्ण हुन नसकी आवश्यक संख्यामा पदपूर्ति हुन नसकेमा त्यसरी नपुग भएको पद संख्या खुल्ला प्रतियोगितामा सहभागी भई उत्तिर्ण भएका उम्मेदवारबाट पूर्ति गरिनेछ ।

**११. खुल्ला प्रतियोगितामा भाग लिन सक्ने व्यक्तिहरु:** नगर प्रहरी पदको लागि हुने खुल्ला प्रतियोगितामा निम्नलिखित योग्यता भएका व्यक्तिहरुले भाग लिन सक्नेछन्:

**१) उमेर र शैक्षिक योग्यता:**

**क) नगर प्रहरी जवान**

**उमेर:** दरखास्त बुझाउने अन्तिम म्यादसम्म १८ वर्ष पुरा भइ ३० वर्ष ननाघेको तर भुपुको हकमा ४० बर्ष ननाघेको ।

**शैक्षिक योग्यता:** स्वीकृत प्राप्त माध्यमिक विद्यालयबाट कम्तिमा आठ





कक्षा वा सो सरह उत्तीर्ण गरेको। तर भुपुको हकमा एक तह तलको शैक्षिक योग्यता भएको उम्मेदवार पनि योग्य हुनेछ ।

**ख) नगर पर्यटक प्रहरी जवान**

**उमेर:** दरखास्त बुझाउने अन्तिम म्यादसम्म १८ वर्ष पुरा भइ ३० वर्ष ननाघेको तर भुपुको हकमा ४० बर्ष ननाघेको ।

**शैक्षिक योग्यता:** स्वीकृत प्राप्त शैक्षिक संस्थाबाट अंग्रेजी मूल विषय लिइ कम्तिमा प्रविणता प्रमाणपत्र तह वा सो सरह उत्तीर्ण गरेको ।

**ग) नगर प्रहरी सहायक हवल्दार**

**उमेर:** दरखास्त बुझाउने अन्तिम म्यादसम्म १८ वर्ष पुरा भइ ३० वर्ष ननाघेको तर भुपुको हकमा ४० बर्ष ननाघेको ।

**शैक्षिक योग्यता:** नेपाल सरकारबाट मान्यताप्राप्त संस्थाबाट कम्तिमा दशम् कक्षा वा सो सरह उतिर्ण गरेको । तर भुपुको हकमा एक तह तलको शैक्षिक योग्यता भएको उम्मेदवार पनि योग्य हुनेछ ।

**घ) नगर प्रहरी हवल्दार**

**उमेर:** दरखास्त बुझाउने अन्तिम म्यादसम्ममा १८ वर्ष पुरा भइ ३० वर्ष ननाघेको तर भुपुको हकमा ४० बर्ष ननाघेको ।

**शैक्षिक योग्यता:** नेपाल सरकारबाट मान्यता प्राप्त संस्थाबाट कम्तिमा एसईई वा सो सरह उतिर्ण गरेको । तर भुपुको हकमा एक तह तलको शैक्षिक योग्यता भएको उम्मेदवार पनि योग्य हुनेछ ।

**अनुभव:** नेपाल प्रहरी, सशस्त्र प्रहरी बल र नेपाली सेनामा सेवा गरेको प्रमाणित पत्र संलग्न हुनुपर्ने ।

**ङ) नगर प्रहरी सहायक निरिक्षक**

**उमेर:** दरखास्त बुझाउने अन्तिम म्यादसम्मा १८ वर्ष पुरा भइ ३० वर्ष ननाघेको तर भुपुको हकमा ४५ वर्ष ननाघेको ।

**शैक्षिक योग्यता:** नेपाल सरकारबाट मान्यताप्राप्त संस्थाबाट कम्तिमा आइए वा सो सरह उतिर्ण गरेको। तर भुपुको हकमा एक तह तलको शैक्षिक योग्यता भएको उम्मेदवार पनि योग्य हुनेछ ।

**अनुभव:** नेपाल प्रहरी, सशस्त्र प्रहरी बल र नेपाली सेनामा सेवा गरेको प्रमाणित पत्र संलग्न हुनुपर्ने ।

नोट: भुपु भन्नाले नेपाल प्रहरी, सशस्त्र प्रहरी बल र नेपाली सेनामा काम



CamScanner

गरी बैधानिक किसिमबाट अवकाश प्राप्त गरेको भन्ने बुझ्नु पर्छ।

२) नागरिकता प्रमाणपत्र प्राप्त नेपाली नागरिक।

३) मान्यता प्राप्त स्वास्थ्य संस्थाले दिएको निरोगिताको प्रमाणपत्र।

४) सम्बन्धित प्रहरी कार्यालयबाट जारी भएको चारित्रिक प्रमाणपत्र।

५) महिलाहरुको लागि कम्तिमा ५.२ फिट उचाई र ४५ केजी तौल साथै पुरुषको लागि कम्तिमा ५ फिट ५ इन्च उचाई तौल ५० केजी भएको।

६) छाती नफुलाउँदा घटीमा ३१ इन्च र फुलाउँदा ३३ इन्च भएको।

७) आँखा माइनस २ वा प्लस २ भन्दा बढी कमजोर नभएको।

८) नैतिकपतन देखिने कुनै फौजदारी अभियोगमा सजाय नपाएको।

**१२. पदपूर्ति समितिः** प्रमुख प्रशासकीय अधिकृतको संयोजकत्वमा देहाय बमोजिम एक नगर प्रहरी पदपुर्ति समिति रहनेछ।

संयोजकः प्रमुख प्रशासकीय अधिकृत

सदस्यः शिक्षा युवा तथा खेलकूद शाखा प्रमुख

सदस्यः आर्थिक प्रशासन शाखा प्रमुख

सदस्यः जिल्ला प्रहरी कार्यालय वा नजिकको प्रहरी इकाइबाट तोकिएको प्रतिनिधि।

सदस्य सचिवः प्रशासन शाखा प्रमुख

उल्लेखित समितिले स्वास्थ्य तथा अन्य आवश्यक क्षेत्रबाट आवश्यकता अनुसार बढिमा ३ जनासम्म विज्ञ प्रतिनिधि आमन्त्रण गर्न सक्नेछ।

**१३. पदपूर्ति समितिको काम, कर्तव्य र अधिकारः**

(१) पदपूर्ति समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ।

(क) उपदफा १० बमोजिम पदपूर्तिको लागि प्रतिशत निर्धारण गर्ने।

(ख) पदपूर्तिको कार्यतालिका बनाउने।

(ग) पदपूर्तिका लागि विज्ञापन प्रकाशन गर्ने।

(घ) परीक्षा संचालन तथा नतिजा प्रकाशन गर्ने।

(ङ) नियुक्तिका लागि सिफारिश गर्ने।

(च) पदपूर्तिसँग सम्बन्धित अन्य कार्य गर्ने।

(छ) पदपूर्तिको सम्वन्धमा विवाद भएमा पदपूर्ति समितिले गरेको निर्णय नै अन्तिम हुनेछ।

(२) पदपूर्ति समितिले नगर प्रहरी सेवाको लागि खुल्ला प्रतियोगिताद्वारा





पदपूर्ति गर्ने सम्बन्धमा आवश्यकता अनुसार निर्णय गरी लागु गर्न सक्नेछ।

**१४. योग्यताक्रम सूची तयार गर्नेः**

(१) उम्मेदवारहरुले शारीरिक तन्दुरुस्ती परीक्षामा प्राप्त गरेको अंक, शैक्षिक योग्यता, अनुभव र स्थानीयता वापत प्राप्त गरेको अंक र अन्तवार्तामा प्राप्त गरेको अंकको आधारमा योग्यताक्रम सूची तयार गरी पदपूर्ति समितिले नियुक्तिका लागि सिफारिस पेश गर्नेछ। सिफारिश हुन नसकेका सबै उम्मेदवारहरुलाई योग्यताक्रम अनुसार बैकल्पिक उम्मेदवार को सूचीमा राखिनेछ।सिफारिश भएको पद ३ बर्षभित्र रिक्त भएमा बैकल्पिक उम्मेदबारलाई नियुक्ति गर्न सकिनेछ।

(२) उपदफा १४ (१) वमोजिम सिफारिस गरिएका व्यक्तिहरुलाई पदपूर्ति समितिले नियुक्ति गर्ने अधिकारी समक्ष नियुक्तिका लागि पेश गर्नेछ।

(३) नियुक्तिको लागि सिफारिश भएको मितिले ३५ दिनभित्र नियुक्ति गर्ने अधिकारीद्धारा नियुक्ति पत्र दिने निर्णय गरी सक्नु पर्नेछ।

(४) ३५ दिनभित्रसफल उम्मेदवारले सम्पर्कमा आइ नियुक्ति नलिएमा ३६ औ दिनमा ७ दिनको म्याद दिइ वैकल्पिक उम्मेदवारको लागि सूचना प्रकाशित गरिनेछ तर सो अबधिमा कुनै वैकल्पिक उम्मेदवार उपस्थित भइ नियुक्ति नलिएमा सो प्रक्रिया स्वतः समाप्त हुनेछ।

**१५. जेष्ठताक्रम कायम गर्नेः**

(१) नगर प्रहरी तहगत कमाण्डरको जेष्ठताक्रम कायम गर्दा निजहरुले आधारभूत तालिममा प्राप्त गरेको अंकको आधारमा कायम गरिनेछ।

(२) वैकल्पिक उम्मेदवारहरुले तीन वर्षसम्म पनि नियुक्ति प्राप्त गर्न नसकेमा उक्त सूची स्वतः खारेज हुनेछ।

**१६. परीक्षणकालमा राखिने:**

(१) नयाँ नियुक्त गरिएका नगर प्रहरी कर्मचारीलाई एक वर्षको परीक्षणकालमा राखिनेछ। सो अवधिमा नगर प्रहरी कर्मचारीले सन्तोषजनक काम नगरेमा प्रमुख प्रशासकीय अधिकृतले थप ६ महिना परीक्षणकाल राख्न सक्नेछ।

(२) उपदफा १६ (१) वमोजिम थप भएको परीक्षणकालमा रहेको कुनै नगर प्रहरी कर्मचारीको काम सन्तोषजनक नभएमा निजलाई नियुक्ति गर्ने अधिकारीले अवकाश दिनेछ।



CamScanner

**१७ नियुक्ति सदर:**

(१) उपदफा १६ (१) बमोजिमको परीक्षण कालमा रहेको नगर प्रहरी कर्मचारीको काम सन्तोषजनक भएमा नगर प्रहरी अधिकृत आधारभूत तालिममा उत्तीर्ण भएमा नगरपालिकाको झण्डा र नेपालको राष्ट्रिय झण्डा छुवाई शपथग्रहण गराएर मात्र नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृतबाट नियुक्ति सदर गरिनेछ।

(२) उपदफा १७(१) बमोजिम नियुक्ति सदर भएमा परीक्षणकालको अवधिलाई नोकरीको अवधिमा गणना गरिनेछ।

## परिच्छेद–५

## सरुवा (खटनपटन)

**१८. सरुवा सम्बन्धी व्यवस्था:** नगर प्रहरी कर्मचारीको सामान्यतया वर्षको एक पटक नगर प्रहरी प्रमुखको सिफारिसमा प्रमुख प्रशासकीय अधिकृतबाट सरुवा खटनपटन गर्नेछ।नगर प्रहरी प्रमुखको सिफारिश आवश्यक नठानेमा पनि प्रमुख प्रशासकीय अधिकृतले सरुवा खटनपटन गर्न सक्नेछ।

## परिच्छेद-६

## नगरपालिकाको प्रशासन र नगर प्रहरीको सम्वन्ध

**१९. नगर कार्यपालिका प्रशासनको नियन्त्रण रहने:** नगर प्रहरी सम्बन्धी नीतिगत व्यवस्थापन बाहेक समस्त नगर प्रहरी परिचालन नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृतको प्रत्यक्ष रेखदेख र नियन्त्रणमा रहनेछन्।

**२०. नगर प्रहरी प्रमुख मार्फत लेखापढी हुने:** नगरपालिकाले प्रहरी संगठनसँग लेखापढी गर्दा सामान्यतया नगर प्रहरी प्रमुखमार्फत नै गर्नुपर्नेछ।

**२१. कारवाही गर्दा परामर्श लिने:** नगर प्रहरी कर्मचारीलाई अनुशासन सम्बन्धी कारवाही गर्दा आवश्यकता अनुसार नगर प्रहरी प्रमुखको परामर्श लिनुपर्नेछ तर, नगर प्रहरी प्रमुखको हकमा प्रमुख प्रशासकीय अधिकृतको सिफारिसमा नगर कार्यपालिकाको निर्णय नै अन्तिम हुनेछ।





## परिच्छेद-७

## विदा

**२२. विदा अधिकार नभइ सहुलियत मात्र हुने:**

(१) नगर प्रहरी कर्मचारीले विदालाई अधिकार नभइ सहुलियतको रुपमा बुझ्नुपर्नेछ।

(२) कामको अनुकुल हेरी विदा दिने अधिकारीले आफ्नो तजबिजबाट विदा दिन अथवा नदिन पनि सक्नेछ।साथै आवश्यक परेमा विदामा बसेको नगर प्रहरी कर्मचारीलाई निजको स्वीकृत विदा रद्द गरी बोलाई काममा लगाउन सक्नेछ।

(३) विदाको किसिमहरु: नगर प्रहरी कर्मचारीहरुले वर्षभरीमा देहाय बमोजिमका विदा पाउनेछन्:

१) भैपरी आउने    २) किरिया विदा

३) प्रसुती विदा    ४) प्रसुतिस्याहार विदा

**२३. विदा नलिई घर बस्ने नगर प्रहरी कर्मचारीलाई सेवाबाट हटाउने:**

(१) यस नियमावली बमोजिम विदा नलिई नगर प्रहरी कर्मचारी गैरहाजिर हुन पाउने छैन।

(२) उपनियम (१) को उल्लंघन गरी गैरहाजिर हुने नगर प्रहरी कर्मचारीलाई नगर कार्यपालिकाले सेवाबाट हटाउन सक्नेछ। तर निकास नहुँदै विदा बसे पछि गैर हाजिरी भएको अवधिको लागि विदाको निवेदन गरी सो विदा स्वीकृत भएमा यो नियम उल्लंघन गरेको मनिने छैन।

**२४. भैपरी विदा:**

(१) नगर प्रहरी कर्मचारीले बर्षमा १२ दिनमा नबढाई भैपरी विदा पाउने छ।

(२) भैपरी विदा साधारणतया: एक पटकमा ४ दिनमा नबढाई लिन पाइने छ।

(३) भैपरी विदा आउने अर्को बर्षको लागी सञ्चित हुनेछैन।

(४) कुनै आपतकालिन स्थितिको सिर्जना भइ तत्काल विदा बस्नुपरेमा अनौपचारिक जानकारीलाई मान्यता दिइ विदा अवधि भुक्तान भएपछि कारण र आधार सहित निवेदन दिएर स्विकृत गराउन सकिने छ।

(५) भैपरी विदा वसेका नगरप्रहरी कर्मचारीहरुले पूरा तलव, भत्ता, राशन पाउने छन्।

(६) भैपरी विदा शनिवार वाहेक अरु विदाहरुसँग मिलाई लिन पाइनेछैन।



CamScanner

**२५. किरिया विदाः**

(१) नगर प्रहरी कर्मचारीले आफैं किरियामा बस्नु परेमा कुल धर्म अनुसार बढीमा १५ दिन किरिया विदा पाउनेछ। यस्तो विदा महिला नगर प्रहरी कर्मचारीको पतिले किरिया बस्नुपरेमा त्यस्तो महिला कर्मचारीलाई समेत दिईनेछ।

(२) यस्तो किरिया विदा बस्ने नगर प्रहरी कर्मचारीले पूरा तलब, भत्ता र राशन पाउनेछ

**२६. प्रसूती विदाः**

(१) महिला नगर प्रहरी कर्मचारी गर्भवती भएमा निजले सुत्केरीको अघिपछि गरी ६० दिन प्रसूती विदा पाउनेछ।

(२) प्रसूती विदा बस्ने महिला नगर प्रहरी कर्मचारीले पूरा तलब, भत्ता र राशन पाउनेछ।

(३) प्रसूती विदा सेवा अवधिभर दुई पटक मात्र दिइनेछ साथै नगरपालिकाले दिएको सुविधा उपभोग गर्न पाउनेछ।

(४) उल्लेख भएअनुसारको विदाको अभिलेख कर्मचारीको विदा स्वीकृत गर्ने कार्यालयले अध्यावधिक बनाई राख्नुपर्नेछ।

**२७. प्रसूती स्याहार विदाः**

(१) नगर प्रहरी कर्मचारीको पत्नी सुत्केरी हुने भएमा त्यस्तो कर्मचारीले सुत्केरी हुनुभन्दा अघि पछी गरी पन्ध्र दिन प्रसूति स्याहार विदा लिन सक्नेछ।

(२) प्रसूति स्याहार विदा सेवाअवधिभर दुई पटक मात्र दिइनेछ साथै नगरपालिकाले दिईएको सुविधा उपभोग गर्न पाउनेछ।

(३) प्रसूति स्याहार विदामा बस्ने कर्मचारीले पूरा तलब, भत्ता र राशन पाउनेछ।

(४) प्रसूति स्याहार विदा लिने नगर प्रहरी कर्मचारीको विदा स्वीकृत गर्ने कार्यालयले अभिलेख अध्यावधिक गरी राख्नु पर्नेछ।

(५) सुत्केरी स्याहार विदामा बस्ने कर्मचारीले जन्म दर्ता प्रमाण पत्र वा सम्बन्धित अस्पतालको शिशु जन्म प्रमाणपत्र पेश गर्नु पर्नेछ।

**२८. विदा माग गर्नेविधिः**

(१) विदाको निकासाका निमित्त नगर प्रहरी कर्मचारीले आफूलाई चाहिएको विदाको अवधि, कारण र विदेश जानुपर्ने भए सो समेत खुलाई





सिलसिलेवार मिलाई विदा दिने अधिकारी समक्ष निवेदन पेश गर्नु पर्नेछ र विदा दिने अधिकारीले पनि विदा स्वीकृत वा अस्वीकृत भएको सूचना सो नगर प्रहरी कर्मचारीलाई दिनु पर्नेछ।

(२) देहायको कुरामा विदा दिने अधिकारीलाई चित्त बुझेमा निजले निवेदनको मितिभन्दा अघिका मितिबाट विदा स्वीकृत गर्न सक्नेछ।

(क) विदा दिने अधिकारीको पूर्व स्वीकृति दिन सम्भव थिएन भने।

(ख) पूर्व स्वीकृति प्राप्तिको लागि निवेदकले सकभर प्रयास गरेको थियो भने।

(ग) नगर प्रहरी कर्मचारीलाई त्यस्तो विदाको सम्बन्धमा सहयोग पुर्‍याउन सक्ने अन्य आवश्यक कागजात।

**२९. विदा दिने अधिकारी देहायको विदा स्वीकृत गर्ने अधिकार देहायको अधिकारीलाई हुनेछः**

| विदाको किसिम | विदा स्वीकृत गर्ने अधिकारी |
|---|---|
| १. भैपरी आउने विदा | नगर प्रहरी प्रमुख |
| २. किरिया विदा | प्रमुख प्रशासकीय अधिकृत |
| ३. प्रसूति र प्रसुति स्याहार विदा | प्रमुख प्रशासकीय अधिकृत |

यस्ता स्वीकृत भएका विदाहरुको अभिलेख ७ दिन भित्र नगरपालिका प्रशासन शाखामा अनिवार्य उपलब्ध गराउनु पर्नेछ।

**३०. विदा परिणत नहुनेः** यस परिच्छेद बमोजिम नगर प्रहरी कर्मचारीले जुन विदा लिई बसेको हो सोही विदा नै उपभोग गर्नु पर्नेछ। पहिले कुनै एक किसिमको विदा स्वीकृत भएकोमा त्यस विदा पछि किरिया विदा वा प्रसूति विदा बाहेक अर्को किसिमको विदामा परिणत गराउन पाइने छैन।

**३१. सार्वजनिक विदा गाभिनेः** भैपरी आउने र पर्व विदा बाहेक अरु कुनै प्रकारको विदा लिई बसे नगर प्रहरी कर्मचारीले सो विदा भुक्तान हुँदा सार्वजनिक विदा पर्न गएमा र सार्वजनिक विदा पछि कार्यालयमा हाजिर नभएमा सो सार्वजनिक विदाको अवधि पनि निज कर्मचारीले लिएको विदा वा सो विदा बाँकी नभएमा लिन पाउने अरु विदामा बसेको मानिनेछ।

**३२. कार्यालयमा अनुपस्थित हुने उपर कारवाहीः** विदा नलिई कार्यालयमा अनुपस्थित हुने नगर प्रहरी कर्मचारीलाई गयल र तलबकट्टी गरी विभागीय सजाय समेत गर्न सकिनेछ। यसरी गयल भएको अवधि सेवा अवधिमा गणना हुने



CamScanner

छैन। विना सूचना लगातार १५ दिनसम्म कार्यालयमा अनुपस्थित हुने नगर प्रहरी कर्मचारीलाई सेवाबाट हटाउन सकिनेछ। सेवाबाट हटाउनु अघि स्पष्टिकरणको मौका दिइनेछ।

**३३. विदा लिने विधिः**

(१) यस परिच्छेद बमोजिम विदा लिन चाहने नगर प्रहरी कर्मचारीले आफुलाई चाहिएको विदाको अवधि, कारण र विदेश जानुपर्ने भए सो समेत खोली रीतपूर्वकको लिखित दरखास्त आफू हाजिर रहेको शाखामार्फत विदा स्वीकृत गर्ने अधिकारी समक्ष पेश गर्नु पर्नेछ विदा स्वीकृत भए नभएको जानकारी सम्वन्धित शाखा प्रमुखले सम्वन्धित कर्मचारीलाई दिनुपर्नेछ।

(२) कुनै किसिमको विदा स्वीकृत दिने अधिकारीले परिस्थितिको विचार राखिकन मात्र विदा दिने वा नदिने निर्णय गर्नेछ।

(३) भैपरी आउने विदाको सम्वन्धमा विदा स्वीकृत गर्ने अधिकारीले उपनियम (१) वमोजिम दरखास्त नदिए पनि आफ्नो तजबिजिबाट मौखिक अनुरोधको आधारमा पनि त्यस्तो विदाको स्वीकृत दिन सक्नेछ।
तर विदा बसी सकेपछि स्वीकृतिको लागि दरखास्त परेकोमा अस्वीकृति हुन गई त्यसको फलस्वरुप विदाको निवेदन गर्ने नगर प्रहरी कर्मचारीलाई नोकरीबाट हटाइएमा निजले पुनरावेदन गर्न सक्नेछ।

**३४. विदाको अभिलेखः** विदा दिने अधिकारीले आफ्नो मातहतका सबै नगर प्रहरी कर्मचारीको विदाको अभिलेख किताव खडा गरी लगत राख्न प्रशासन शाखामा १५ दिन भित्र अनिवार्य लिखित जानकारी दिनु पर्नेछ।

**३५. निकासा लिन नभ्याएमाः** कुनै नगर प्रहरी कर्मचारीलाई आवश्यक परी विदामा नवसी नहुने अवस्था पर्न आएको भन्ने निकटतम माथिल्लो अधिकारीलाई लागेमा र सो विदा स्विकृत हुने देखिएमा निजले त्यस्तो नगर प्रहरी कर्मचारीलाई विदामा बस्न लिखित आदेश दिई त्यसको सूचना विदा दिने अधिकारी समक्ष पठाउनुपर्छ।

**३६. गयल खाली जनाउनेः** कुनै नगर प्रहरी कर्मचारी गयलपरी सो कुराको जनाउ नगरपालिका प्रशासन शाखामा पठाई सके पछि सम्वन्धित नगर प्रहरी कर्मचारीले विदा स्वीकृत हुन पर्ने व्यहोरा दर्शाई आफू गयल परेको सूचना पाएको मितिले १५ दिनभित्र आफू गयल गर्ने अधिकारी भन्दा एकतह माथिको सम्वन्धित अधिकारी समक्ष प्रतिवेदन दिन सक्नेछ। सो प्रतिवेदन उपर छानविन र





जाँचपडताल गर्दा नगर प्रहरी कर्मचारीको प्रतिवेदन व्यहोरा साँचो देखिन आएमा सम्वन्धित अधिकृतले आवस्यक कारण सहित पर्चा खडा गरि थमौती गरेको व्यहोरा लेखी पठाउन सक्नेछ।

**३७. झुठो कारण देखाएमा सजाय हुनेः** कुनै नगर प्रहरी कर्मचारीले कुनै झुठा कारण देखाई किरिया विदा र प्रसूती विदा लिई वसेको ठहरिएमा त्यस्तो नगर प्रहरी कर्मचारी विभागीय सजायको भागी हुनेछ।

**३८. तालिम अवधिमा विदा वस्नेवारेः** यस नियमावलीमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि तालिम अवधिभर सार्वजनिक विदा र किरिया विदाबाहेक साधारणतया अरु कुनै विदा दिइने छैन।

## परिच्छेद ८
## आचरण

**३९. दान उपहार लिन नहुनेः** आफ्नो सरकारी काममा कुनै पनि प्रकारको असर पर्न सक्ने गरी कुनै पनि नगर प्रहरी र निजको परिवारका सदस्यसमेतलेनगरपालिकको पूर्व स्वीकृत विनास्वदेशी तथा विदेशी संघ संस्थानिकाय वा व्यक्ति कसैबाट कुनै प्रकारको दान, बक्स, पुरस्कार, कोसेली र उपहार स्वीकार गर्नु हुदैन।

**४०. चन्दा लिन नहुनेः** कुनै नगर प्रहरी कर्मचारीले नगरपालिकको पूर्व स्वीकृति विना कुनै पनि कामको निमित्त कुनै किसिमको चन्दा माग्न अथवा स्वीकार गर्नु हुदैन र अरु कुनै किसिम आर्थिक सहायता प्राप्त गर्ने काममा समेत भाग लिन हुँदैन।

**४१. सम्पत्तिको विवरण दिनुपर्नेः**

(१) हाल वहालमा रहेको नगर प्रहरी कर्मचारीले यो कार्यविधि लागू भएको तीन महिना भित्र र नयाँ नियूक्ति भएका नगर प्रहरी कर्मचारीले नियुक्ति भएको मितिले तीन महिना भित्र नगरपालिकाले तोकिएको कर्मचारी समक्ष देहायको सम्पत्तिको विवरण दाखिला गर्नु पर्नेछ।

(१) आफ्नो वा परिवारको सदस्यको नाममा भएको प्रत्येक अचल सम्पत्ति र शेयर, बैंक मौज्दातका विवरण।

(२) आफूसँगवा आफ्नो नाउँमा रहेको नगद, जवाहरात, सुन, चाँदीको अन्दाजी मूल्य।

(३) उपनियामावली १ वमोजिमको विवरण दाखिला गर्दा संयुक्त



CamScanner

परिवारमा रहेको नगर प्रहरी कर्मचारीले आफ्नो परिवारको प्रमुखको नाममा निजसँग रहेको सम्पत्तिको विवरण दाखिला गर्नुपर्नेछ।

(४) आफ्नो सम्पत्तिमा थपघट भएमा अख्तियारवालालाई सोको सूचना तीन महिना भित्र दिनु प्रत्येक नगर प्रहरी कर्मचारीको कर्तव्य हुनेछ।

४२. **व्यापार व्यवसाय गर्न नहुनेः** कुनै पनि नगर प्रहरी कर्मचारीले कार्यालयको स्वीकृती विना देहायका काम गर्नु हुँदैनः

(१) कुनै व्यापार गर्न।

(२) कुनै फर्मको हिस्सेदार सञ्चालक हुन।

(३) कुनै व्यवसाय चलाउन।

४३. **नगरपालिकाको काममा थाहा पाएका कुराहरु प्रकाशन गर्न नहुनेः** नगर प्रहरी कर्मचारीले नगरपालिकाद्धारा अथवा विशेष रुपमा अख्तियार नपाई आफ्नो कर्तव्यको पालना गर्दा स्थानीय तह वा गैहसरकारी संघ संस्थाबाट प्राप्त गरेको वा आफैले लेखेको अथवा संकलन गरेको कुनै कागजपत्र वा समाचार प्रत्यक्ष वा अप्रत्यक्ष रुपबाट अरु अनधिकृत नगर प्रहरी कर्मचारीलाई वा गैहसरकारी व्यक्तिलाई अथवा पत्रपत्रिकालाई जानकारी दिनु हुदैन।

४४. **रेडियो वा पत्रिकासँग सम्पर्क राख्न नहुनेः** नगर प्रहरी कर्मचारीले नगरपालिकको अनुमति प्राप्त नगरी कुनै पत्रपत्रिकामा आफ्नै वास्तविक अथवा काल्पनिक नामबाट अथवा बेनामी कुनै लेख प्रकाशित गर्न अथवा रेडियोद्धारा प्रसारण गर्न हुँदैन ।तर यस्तो प्रकाशन वा प्रसारण साहित्यिक, कलात्मक, ऐतिहासिक अथवा वैज्ञानिक र व्यवसायिक विषयको भएमा यस्तो स्वीकृती लिईरहनु पर्दैन र प्रकाशन वा प्रसारण गरेपछि जाहेरी गर्नुपर्दछ।

४५. **नगरपालिकाको आलोचनाः** नगर प्रहरी कर्मचारीले कुनै कुराको आलोचना गर्दा नगरपालिकाको नीतिको बिरुद्ध असर पर्ने गरी अथवा नगरपालिका र नगरपालिकाबासीमा खलल पुग्ने गरी भाषण, सम्वाद, लेख रचना गर्नुहुँदैन।

४६. **निर्वाचनमा भाग लिन नहुनेः** नगर प्रहरी कर्मचारीले कुनै पनि राजनीतिक दलको लागि कुनै निर्वाचनमा भाग लिन वा कसैको निमित्त मत माग्न वा अन्य कुनै प्रकारले प्रभाव पार्न हुदैन। तर कसैलाई मत दिएको वा दिने विचार गरेको कुरा प्रकट नगरी प्रचलित कानुन वमोजिम आफ्नो मताधिकार प्रयोग गर्न बाधा पर्नेछैन।

४७. **राजनीतिमा भाग लिन नहुनेः** नगर प्रहरी कर्मचारीले कुनै राजनैतिक दल र





सोसँग सम्बन्धित संस्थाको सदस्य बन्न, राजनीतिमा भाग लिन, राजनैतिक संस्थालाई सहायताको निमित्त चन्दा दिन अथवा कुनै राजनैतिक संस्था वा आन्दोलनलाई अन्य कुनै प्रकारले आफ्नो प्रभाव पार्न सहयोग गर्न हुँदैन।

४८. **समय पालन र नियमितताः** नगर प्रहरी कर्मचारीले ठिक समयमा तथा नियमित रुपमा आफ्नो पालोमा हाजिर हुनुपर्दछ र साधारणतया पहिले विदाको निकासा नलिई काममा अनुपस्थित हुनु हुँदैन।

४९. **अनुशासन र आज्ञापालनः**

(१) नगर प्रहरी कर्मचारीले आफ्नो कर्तव्य तत्परताको साथ पालन गर्नुपर्दछ।

(२) नगर प्रहरी कर्मचारीले आफ्नो कार्यालयको कामसम्बन्धी कुरामा आफूभन्दा माथिका अधिकृतले दिएको आज्ञालाई तदारुकतासाथ पालन गर्नुपर्दछ।

(३) नगर प्रहरी कर्मचारीले आफूभन्दा माथिका सबै अधिकृतहरु प्रति उचित आदर देखाउनु पर्नेछ।

५०. **नगर प्रहरी कर्मचारीले बाहिरी प्रभाव पार्न नहुनेः** नगर प्रहरी कर्मचारीले आफ्नो नोकरीसम्वन्धी कुरामा आफूभन्दा माथिका अधिकृतमाथि कुनै अनुचित प्रभाव पार्न अथवा प्रभाव पार्नेप्रयत्न गर्न हुँदैन।

५१. **बहुबिबाह, बालबिबाह, अनमेल बिबाह प्रतिवन्धः** नगर प्रहरी कर्मचारीले मुलुकी देवानी (संहिता) ऐन, २०७४ बिबाहबारी सम्बन्धि व्यवस्था बिपरीत हुने गरी बिबाह गर्नु गराउनु हुँदैन।

## परिच्छेद–९

## सजाय तथा उत्तरदायित्व सम्बन्धी व्यवस्था

५२. **सजाय सम्बन्धी व्यवस्था :**

(१) नगर प्रहरी सेवामा कार्यरयत कुनै प्रहरी कर्मचारीले देहायको कुनै कार्य गरेमा प्रमखु प्रशासकीय अधिकृतले देहायको सजाय गर्न सक्नेछ।

(क) नसिहत दिने।

(ख) शारीरिक थकाई हुने(फटिक) सजाय गर्ने।

(ग) पदोन्नति रोक्का गर्ने।

(घ) तल्लो तहमा घटुवा गर्ने।



CamScanner

(ङ) लापरवाही गरी नगरपालिकालाई नोक्सानी भएको सम्पूर्ण वा आंशिकरुपमा तलव भत्ताबाट कट्टी गरी असुल गर्ने।

(च) भविष्यमा स्थानीय तहमा अयोग्य नठहरिने गरी नोकरीबाट हटाउने गर्ने।

(छ) भविष्यमा स्थानीय तहमा अयोग्य ठहरिने गरी नोकरीबाट बर्खास्त गर्ने।

**५३. नसिहत दिने वा प्रतिकूल राय लेख्नेः** नगर प्रहरी कर्मचारीले काममा साधारण लापरवाही गरेमा नसिहत दिन सक्नेछ। दुई पटकसम्म नसिहत दिँदा पनि निजले काममा लापरवाही गरेमा निजको चालचलन सम्बन्धी प्रतिवेदनमा प्रतिकूल राय लेखिनेछ।

**५४. दर्जा र तलब घटाउनेः** कुनै नगर प्रहरी कर्मचारीलाई देहायको अवस्थामा सजाय गर्ने अधिकारीले तल्लो पद वा तल्लो टाइम स्केल वा त्यही टाइम स्केलको तल्लो स्केलमा ओराल्न सक्ने र रत्ननगर नगरपालिकालाई हानि नोक्सानी पुर्‍याएकोमा सो समेत निजबाट भराउन सक्नेछ।

**५५. नोकरीबाट हटाउनेः** देहायका अवस्थामा सजाय गर्ने अधिकारीले कुनै नगर प्रहरी कर्मचारीलाई नोकरीबाट हटाउन सक्नेछ।

(क) सन्तोषजनक काम नगरेमा।

(ख) अनुशासनहीन काम गरेमा।

(ग) आचरणसम्वन्धी नियम उल्लंघन गरेमा।

(घ) मादक पदार्थ सेवन गरेमा।

(ङ) नियुक्ति भएको पाँच वर्षभित्रै नोकरीबाट अलग हुन झुठा कारण देखाएमा।

(च) दिएको आदेश निर्देशन नमानेमा वा कार्यान्वयन नगरेमा।

(छ) मनासिव कारण नभई वा विदा नलिई १५ दिन भन्दा बढी विदा बसेकोमा।

(ज) लापरवाही गरेमा वा नियम आदेशको पालना नगरेमा।

**५६. नोकरीबाट बर्खास्त गर्नेः** देहायका अवस्थामा सजाय गर्ने अधिकारीले कुनै नगर प्रहरी कर्मचारीलाई नोकरीबाट वर्खास्त गर्न सक्नेछ।

(क) अयोग्यताको कारणले आफ्नो पदीय जिम्मेवारी वा दायित्व पुरा गर्न नसकेमा

(ख) राजनीतिमा भाग लिएमा





(ग) वरावर अनुशासनहीनताको काम गरेमा

(घ) नैतिक पतन देखिने फौजदारी अभियोगमा अदालतबाट दोषी प्रमाणित भएमा।

(ङ) ड्युटीमा भएको अवस्थामा वा नरहेको अवस्थामा वर्दीको पोशाक लगाई कुनै मादक पदार्थ सेवन गरी हिडेमा वा जथाभावी गरेमा।

(च) भ्रष्टाचार गरेमा।

(छ) आफ्नो पदको जिम्मेवारी अनुसार बारम्बार पालना नगरेमा।

(ज) आचरण सम्वन्धी नियमहरु वरावर उल्लंघन गरेमा

(झ) २५ दिनभन्दा बढी मनासिव कारण नभई वा बिदा नलिई बिदा बसेमा वा गैरहाजिर भएमा।

**५७. सजायको आदेश दिनेः** जाँचवुझको काम समाप्त भएपछि सम्वन्धित नगर प्रहरी कर्मचारीलाई निजसँग स्पष्टिकरण मागिएको भए निजले तोकिएको समयभित्र स्पष्टिकरण नदिएमा वा निजले दिएको स्पष्टिकरण सन्तोषजनक नलागेमा सजाय गर्ने अधिकारीले सजाय दिन सक्नेछ र सजायको आदेशको एक प्रति निजलाई दिनुपर्नेछ।

## परिच्छेद १०

## अवकाश

**५८. अनिवार्य अवकाशः**

(१) नगर प्रहरी कर्मचारीको सेवामा उमेरको हद ५८ (अन्ठाउन्न) वर्षसम्मको हुनेछ।

स्पष्टीकरणः उमेर प्रयोजनको निमित्त नगर प्रहरी कर्मचारीको उमेरको हिसाव गर्दा देहाय वमोजिम गरिनेछः

(क) नोकरीमा प्रवेश गरेको वेलामा निजले पेश गरेको शैक्षिक संस्थाको प्रमाणपत्रमा किटिएको जन्म मिति वा वर्षबाट हुन आउने उमेर।

(ख) त्यस्तो अभिलेख नभएमा निजले नोकरीमा प्रवेश गर्ने बेला ब्यक्तिगत विवरणमा लेखीएको जन्म मिति वा वर्षबाट हुन आउने उमेर।



CamScanner

## परिच्छेद ११

## तलब, भत्ता

५९. **तलब भत्ताः** नगर प्रहरी कर्मचारीले नियुक्ति पाएको वा वढुवा नियुक्ति पाएको मितिदेखि यस कार्यविधिको अनुसूची २ बमोजिमको तलबभत्ता पाउने छ।

## परिच्छेद १३

## तालिम

६०. **तालिमको व्यवस्थाः** नगर प्रहरी कर्मचारीलाई कार्यकुशल एवं दक्ष तुल्याउन रत्ननगर नगरपालिकाले तोकिएवमोजिम तथा आवश्यकताअनुसार अन्य तालिमहरु पनि दिन सक्नेछ।

६१. **तालिम संचालन हुने स्थानः** नगरपालिकाले तोकिएको स्थानमा हुनेछ।

६२. **तालिमको अवधिः** नगर प्रहरी सेवाको सबै अधिकृत तथा जवानहरुको तालिमको अवधि बढीमा २ महिना र पाठ्यक्रम रत्ननगर नगरपालिकाले तोके अनुसार हुनेछ।

६३. **तालिमको अनिवार्यताः**

(१) नगर प्रहरी सेवामा रहेका सबै नगर प्रहरी कर्मचारीहरुले तालिम लिनु अनिवार्य हुनेछ । यस्तो तालिममा सम्मिलित गराइएको नगर प्रहरी कर्मचारीहरुले लापरवाही देखाई आफ्नो व्यावसायिक ज्ञान प्रति उदासिन तथा गैरजिम्मेवारी रहेको व्यहोरा अभिलेखमा जनाइनेछ।

(२) व्यावसायिक तालिम हासिल गर्न उदासिन रहेको व्यहोरा अभिलेखमा जनाई सकेपछि निजहरुलाई पुनः एकपटक तालिमको मौका दिइनेछ। त्यसपछि पनि उदासिन र गैरजिम्मेवारी देखाउनेलाई तल्लो पदमा झार्न वा सेवाबाट हटाउन सकिनेछ।

६४. **तालिमको पाठ्यक्रमः** विभिन्न तालिमहरुको पाठ्यक्रम नगरपालिकाले तोके बमोजिम हुनेछ।

६५. **प्रशिक्षार्थीले पाउने सुविधाः**

(१)

(२) राशन पाउने नगर प्रहरी कर्मचारीहरुलाई अनुसूची १ मा उल्लेख भए बमोजिमको राशन भत्ता पाउने छन्।





६६. **तालिममा सामेल गराउने संख्याः** नगर प्रहरीको कार्यमा दैनिक तथा सामान्य प्रशासनमा वाधा नपर्ने गरी नगर प्रहरी प्रमुखले निर्णय भए अनुसार तालिम लिन नगर प्रहरी अधिकृत कर्मचारीहरु तोक्नेछन्।

६७. **अतिथि प्रशिक्षकहरुको पारिश्रमिकः** नगरपालिकाले तोकिए बमोजिम हुनेछ।

६८. **आन्तरिक तालिमः** एकै पटक नियुक्ति भएका वा वढुवा भएका नगर प्रहरी कर्मचारीलाई आन्तरिक तालिममा पठाउँदा साधारणतया समान अवसर प्राप्त हुनेगरी तालिमको व्यवस्था मिलाउनुपर्नेछ।

## परिच्छेद १४

## पोशाक

६९. **प्रारम्भिक पोशाक**

(१) सबै नयाँ भर्ना हुने अधिकृत तथा जवानहरुलाई नगरपालिकाले तोकेको स्केल बमोजिम प्रारम्भिक पोशाक वितरण गरिनेछ। नगर प्रहरी पोशाक अनुसूची ५ बमोजिम हुनेछ।

(२) नयाँ भर्ना हुने प्रशिक्षार्थीहरुको चाहिने प्रारम्भिक पोशाक रत्ननगर नगरपालिकाले दिनेछ।

७०. **नगर प्रहरी पोशाकः** नगर प्रहरीको पोशाकको रंग र किसिम र अन्य विवरण कार्यापालिकाले तोकेबमोजिम हुनेछ। हाललाई चुस्ताको रङ्गः गाढा हरीयो, जुत्ता कालो, टोपी गाढा हरियो, जाडोको लागि गाढा हरियो ज्याकेट, बेल्ट हरियो। दर्जयानी चिह्न चिन्न नेपाल प्रहरीको सरह हुनेछ।

७१. **प्रारम्भिक पोशाक र सामानः** नगर प्रहरी कर्मचारीलाई तोके बमजिमको पोशाक र सामान उपलब्ध गराईनेछावा सो बराबर अनुसूची १ बमोजिमको पोशाक भत्ता दिइनेछ।

७२. **तयारी पोशाक वितरण गर्न नसकिएमा दिने सुविधाः** नगर प्रहरी कर्मचारीलाई तोकिए बमोजिमको तयारी पोशाक वितरण गर्न नसकिएको अवस्थामा स्थानीय दर रेट वमोजिम सिलाई ज्याला दिइनेछ।

७३. **नगर प्रहरीको पोशाक सट्टा भर्नाः** नगर प्रहरी कर्मचारीहरुलाई निजहरुको मालसामान र पोशाक निश्चित अवधि नपुगी वा कामकाजको सिलसिलामा फाटी गएमा नगर प्रहरी प्रमुखले पेश गरे वमोजिम सट्टा गरी नयाँ दिइनेछ।



CS CamScanner

## परिच्छेद १५
## विविध

**७४. समिति गठन हुनेः** तालिम र पोशाक सम्बन्धी व्यवस्थालाई कार्यान्वयन गर्न प्रमुख प्रशासकीय अधिकृतले तोके बमोजिमका अधिकृतहरु भएको समिति गठन हुनेछ । त्यस समितिले गरेको ठहर बमोजिम नियुक्ति गर्ने अधिकारीले निर्णय दिनेछ।

**७५. विभागीय आदेश र निर्देशनः** यस कार्यविधिको परिधिभित्र रही देहायका विषयमा नगर प्रहरी प्रमुखले प्रमुख प्रशासकीय अधिकृतको निर्देशन बमोजिम आदेश तथा निर्देशन जारी गर्न सक्नेछ ।

(क) कार्यमा छिटो छरितोपन ल्याउने विषय,

(ख) मातहतको नगर प्रहरी कार्यालयलाई नियन्त्रण गर्ने विषय,

(ग) मातहत कार्यालयको कार्यमा समन्वय कायम गराउने विषय,

(घ) नियममा उल्लेख भएका कुराहरु स्पष्ट तथा विस्तृत गर्ने विषय,

(ङ) विभागीय अनुशासन सम्वन्धी व्यवस्था आदि ।

**७६. पुरस्कारः**नगरपालिकाको समग्र हित र इज्जतका लागी प्रशंसनीय कार्य गर्ने नगर प्रहरी कर्मचारीलाई पुरष्कृत गरिनेछ।

**७७. दशै खर्च पाउनेः**नगर प्रहरी कर्मचारीले खाईपाई आएको एक महिनाको तलब बराबरको रकम प्रत्येक वर्ष घटस्थापनाको पन्ध्र दिन अगाडि दशै खर्चको रुपमा पाउनेछ ।

**७८. अन्य सुविधा तथा व्यवस्थाः**

(१) रत्ननगर नगरपालिकाले नगर प्रहरी कर्मचारीहरुलाई दिईने सुविधाहरु तोके बमोजिम हुनेछ ।

(२) सुरुमा करार सेवामा रहेका नगर प्रहरी जवानहरुको हकमा यो कार्यविधिमा जुनसुकै कुरा लेखिएको भएतापनि कार्यविधि जारी भएपछि हुने पहिलो नगर प्रहरी जवान पदको खुल्ला विज्ञापनमा एक पटकलाई भाग लिन उमेरको हद लाग्ने छैन ।

**७९. नगर प्रहरी सम्बन्धि सेवा र शर्तहरुः** रत्ननगर नगरपालिका कार्यालय अन्तर्गत कार्यरत नगर प्रहरी कर्मचारीहरुको सेवा, शर्त, सुविधा र संचालन यस कार्यविधिमा व्यवस्था भएको हदसम्म यसै कार्यविधि बमोजिम हुनेछ। कार्यविधिमा व्यवस्था नभएका विषयहरुको हकमा नगर कार्यपालिकाको निर्णय बमोजिम हुनेछ ।





**८०. बाधा अड्काउ फुकाऊः**यस कार्यविधिको पालना र कार्यान्वयनमा कुनै बाधा परेमा सोको व्याख्या गरी बाधा अड्काउ फुकाउने अधिकार रत्ननगर नगर कार्यपालिकामा हुनेछ ।

**८१. कार्यविधि संशोधनः** यस कार्यविधिमा आवश्यक संशोधन रत्ननगर नगरपालिका नगरकार्यपालिकाले गर्न सक्नेछ ।

### अनुसूची- १
(दफा ५ सँग सम्बन्धित पद, तह र दर्ज्यानी चिन्हको विवरण)

| क्र. सं. | पद | तह | दर्ज्यानी चिन्ह | संकेत | कैफियत |
|---|---|---|---|---|---|
| १ | नगर प्रहरी सहायक निरीक्षक | सहायक पाँचौ | एक तारा |  | |
| २ | हवल्दार | सहायक चौथो | तीन धर्सा(विल्ला) |  | |
| ३ | सहायक हवल्दार | सहायक तेस्रो | दुइ धर्सा (विल्ला) |  | |
| ४ | नगर पर्यटक प्रहरी जवान | सहायक दोस्रो | (रिवन-किनारामा चुस्ता र बीचमा रातो रंग) |  | |
| ५ | नगर प्रहरी जवान | सहायक पहिलो | (रिवन-किनारामा चुस्ता र बीचमा रातो रंग) |  | |



CamScanner

## अनसूची–२
### (नियम ८ सँग सम्वन्धित)

**नगर प्रहरी सेवा इकाइका प्रहरी कर्मचारीहरुको कार्यविवरण**

१. **प्रहरी सहायक निरीक्षको कार्य बिवरणः**

क) नगर प्रहरी सेवा इकाई प्रमखु भइ कामकाज गर्ने,

ख) प्रमखु प्रशासकीय अधिकृत मातहत र प्रशासन शाखाको समन्वयमा रही कार्य सम्पादन गर्ने,

ग) प्रहरी जवानहरुलाई ड्यूटी खटाई उनिहरुको कार्यय सम्पादनको अनगुमन गर्ने,

घ) नगर प्रहरी सेवा इकाइको काम, कर्तब्य र अधिकारमा उल्लेखित कार्यहरु प्रभावकारी रुपमा कार्यन्वयन गर्ने गराउने,

ङ) कार्यसम्पादन सम्बन्धी दैनिक तथा साप्ताहिक रुपमा प्रतिवेदन तयार गरी प्रमखु प्रशासकीय अधिकृत समक्ष पेश गर्ने,

च) नगर प्रहरी जवानहरुको मनोबल वृद्धि हनेखालका अतिरिक्त क्रियाकलापहरुको आयोजना गर्ने,

छ) उत्कृष्ट कार्य सम्पादन गर्ने जवानहरुको अभिलेख राखी परस्कृत गर्न नगरपालिकामा सफारिस गर्ने,

ज) नगर कार्यपालिकाबाट तोकिए बमोजिमका अन्य कार्यहरु गर्ने।

२. **नगर प्रहरी हवल्दार, नगर प्रहरी सहायक हवल्दार र नगर प्रहरी जवानको कार्यविवरणः**

क) नगर प्रहरी सेवा इकाइ प्रमखुको प्रति मातहतमा रही कामकाज गर्ने,

ख) आफु खटिएको क्षेत्रमा इमान्दारी, वफदारी र समन्वयात्मक रुपमा कार्य सम्पादन गर्ने,

ग) कार्य सम्पादन सम्बन्धी दैनिक तथा साप्ताहिक रुपमा प्रतिवेदन तयार गरी नगर प्रहरी सेवा इकाई प्रमखु समक्ष पेश गर्ने,

घ) नगर कार्यपालिकाबाट तोकिए बमोजिमका अन्य कार्यहरु गर्ने।



## अनुसूची - ३
### (दफा १२ को उपदफा १ सँग सम्बन्धित सूचनाको ढाँचा)

**रत्ननगर नगरपालिका**
नगर कार्यपालिकाको कार्यालय
बकुल्लर, चितवन, बागमती प्रदेश, नेपाल

**नगर प्रहरी सेवा करारमा लिने सम्बन्धी सूचना**

रत्ननगर नगरपालिका अर्न्तगत रहने गरी देहायको पद, संख्या र योग्यता भएका नगर प्रहरी कर्मचारी करारमा राख्नु पर्ने भएकोले योग्यता पुगेका नेपाली नागरिकहरुले यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिनभित्र राजस्व तिरेको रसिद सहित दरखास्त दिन हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ। दरखास्त फाराम, दस्तुर, कार्य बिवरण, पारिश्रमिक, सेवाका शर्तसहितको विस्तृत विवरण कार्यालयबाट वा नगरपालिकाको वेभसाईट www.ratnanagarmun.gov.np बाट प्राप्त गर्न सकिनेछ।

| क्र.सं. | विज्ञापन नं | पद | किसिम | पदसंख्या | कैफियत |
|---|---|---|---|---|---|
| १ | | | खुला | | |
| २ | | | महिला | | |
| ३ | | | दलित/ अल्पसंख्यक | | |

**योग्यताः**

**क) सहायक नगर प्रहरी निरीक्षकका लागिः**

१) नेपाली नागरिक।

२) मान्यता प्राप्त शैक्षिक संस्थाबाट प्रविणता प्रमाणपत्र तह वा सो सरह उत्तीर्ण गरेको तर भुपुको हकमा एक तह तलको शैक्षिक योग्यता भएको।

३) उमेर १८ बर्ष पुरा भई ३० बर्ष ननाघेको वा नेपाल प्रहरीको प्रहरी सहायक निरीक्षक पद वा सो भन्दा माथि, सशस्त्र प्रहरी बल नेपालको सशस्त्र प्रहरी सहायक निरीक्षक वा सो भन्दा माथि, नेपाली सेनाको जमदार वा सो भन्दा माथिको पदबाट अवकाश प्राप्त भएको व्यक्तिको हकमा ४५ बर्ष उमेर ननाघेको।



CS CamScanner

४) कुनै पनि नैतिक पतन देखिने फौजदारी अभियोगमा सजाय नपाएको।

५) मान्यता प्राप्त स्वास्थ्य संस्थाले दिएको निरोगिताको प्रमाणपत्र।

६) सम्बन्धित प्रहरी कार्यालयबाट जारी भएको चारित्रिक प्रमाणपत्र।

७) पुरूषको हकमा घटिमा उचाई: ५ फिट ५ इन्च, छाती: ३१-३३ इन्च, तौल: ५२ के.जी. र महिलाको हकमा उचाई: ५फिट,२ इन्च तौल: ५० के.जी., आँखा: माईनस २ वा प्लस २ भन्दा बढि कमजोर नभएको।

**ख) नगर प्रहरी हवल्दारको लागि**

१) नेपाली नागरिक।

२) मान्यता प्राप्त शैक्षिक संस्थाबाट SEE तह वा सो सरह उत्तीर्ण गरेको तर भुपुको हकमा एक तह तलको शैक्षिक योग्यता भएको।

३) उमेर १८ बर्ष पुरा भई ३० बर्ष ननाघेको वा नेपाल प्रहरीको प्रहरी हवल्दार/जवान पद वा सो भन्दा माथि, सशस्त्र प्रहरी बल नेपालको सशस्त्र प्रहरी हवल्दार/जवान पद वा सो भन्दा माथि, नेपाली सेनाको हवल्दार/जवान पद वा सो भन्दा माथिको पदबाट अवकाश प्राप्त भएको व्यक्तिको हकमा ४० वर्ष उमेर ननाघेको।

४) कुनै पनि नैतिक पतन देखिने फौजदारी अभियोगमा सजाय नपाएको।

५) मान्यता प्राप्त स्वास्थ्य संस्थाले दिएको निरोगिताको प्रमाणपत्र।

६) सम्बन्धित प्रहरी कार्यालयबाट जारी भएको चारित्रिक प्रमाणपत्र।

७) पुरूषको हकमा घटिमा उचाई: ५ फिट ५ ईन्च, छाती: ३१-३३ इन्च, तौल: ५० के.जी. र महिलाको हकमा उचाई: ५ फिट २ इन्च तौल: ४५ के.जी., आँखा: माईनस २ वा प्लस २ भन्दा बढि कमजोर नभएको।

**ग) नगर प्रहरी सहायक हवल्दारको लागि**

१) नेपाली नागरिक।

२) मान्यता प्राप्त शैक्षिक संस्थाबाट SEE तह वा सो सरह उत्तीर्ण गरेको तर भुपुको हकमा एक तह तलको शैक्षिक योग्यता भएको।

३) उमेर १८ बर्ष पुरा भई ३० बर्ष ननाघेको वा नेपाल प्रहरीको प्रहरी हवल्दार/जवान पद वा सो भन्दा माथि, सशस्त्र प्रहरी बल नेपालको सशस्त्र प्रहरी हवल्दार/जवान पद वा सो भन्दा माथि, नेपाली सेनाको हवल्दार/जवान पद वा सो भन्दा माथिको पदबाट अवकाश प्राप्त भएको व्यक्तिको हकमा ४० वर्ष उमेर ननाघेको।





४) कुनै पनि नैतिक पतन देखिने फौजदारी अभियोगमा सजाय नपाएको।

५) मान्यता प्राप्त स्वास्थ्य संस्थाले दिएको निरोगिताको प्रमाणपत्र।

६) सम्बन्धित प्रहरी कार्यालयबाट जारी भएको चारित्रिक प्रमाणपत्र।

७) पुरूषको हकमा घटिमा उचाई: ५ फिट ५ ईन्च, छाती: ३१-३३ इन्च, तौल: ५० के.जी. र महिलाको हकमा उचाई: ५फिट,२ इन्च तौल: ४५ के.जी., आँखा: माईनस २ वा प्लस २ भन्दा बढि कमजोर नभएको।

**घ) नगर पर्यटक प्रहरी जवानको लागि:**

१) नेपाली नागरिक।

२) मान्यता प्राप्त शैक्षिक संस्थाबाट अंग्रेजी मूल विषय लिई प्रविणता प्रमाणपत्र लिइ उतिर्ण गरेको।

३) उमेर १८ बर्ष पुरा भई ३० बर्ष ननाघेको वा नेपाल प्रहरीको प्रहरी जवान पद वा सो भन्दा माथि, सशस्त्र प्रहरी बल नेपालको सशस्त्र प्रहरी जवान पद वा सो भन्दा माथि, नेपाली सेनाको जवान पद वा सो भन्दा माथिको पदबाट अवकाश प्राप्त भएको व्यक्तिको हकमा ४० वर्ष उमेर ननाघेको।

४) कुनै पनि नैतिक पतन देखिने फौजदारी अभियोगमा सजाय नपाएको।

५) मान्यता प्राप्त स्वास्थ्य संस्थाले दिएको निरोगिताको प्रमाणपत्र।

६) सम्बन्धित प्रहरी कार्यालयबाट जारी भएको चारित्रिक प्रमाणपत्र।

७) पुरूषको हकमा घटिमा उचाई: ५ फिट ५ ईन्च, छाती: ३१-३३ इन्च, तौल: ५० के.जी. र महिलाको हकमा उचाई: ५फिट२ इन्च तौल: ४५ के.जी., आँखा: माईनस २ वा प्लस २ भन्दा बढि कमजोर नभएको।

**ङ) नगर प्रहरी जवानको लागि:**

१) नेपाली नागरि क।

२) मान्यता प्राप्त शैक्षिक संस्थाबाट आठ कक्षा वा सो सरह उत्तीर्ण गरेको तर भुपुको हकमा एक तह तलको शैक्षिक योग्यता भएको।

३) उमेर १८ बर्ष पुरा भई ३० बर्ष ननाघेको वा नेपाल प्रहरीको प्रहरी जवान पद वा सो भन्दा माथि, सशस्त्र प्रहरी बल नेपालको सशस्त्र प्रहरी जवान पद वा सो भन्दा माथि, नेपाली सेनाको जवान पद वा सो भन्दा माथिको पदबाट अवकाश प्राप्त भएको व्यक्तिको हकमा ४० वर्ष उमेर ननाघेको।

४) कुनै पनि नैतिक पतन देखिने फौजदारी अभियोगमा सजाय नपाएको।

५) मान्यता प्राप्त स्वास्थ्य संस्थाले दिएको निरोगिताको प्रमाणपत्र।



CamScanner

(६) सम्बन्धित प्रहरी कार्यालयबाट जारी भएको चारित्रिक प्रमाणपत्र।

(७) पुरूषको हकमा घटिमा उचाईः ५ फिट ५ ईन्च, छातीः ३१-३३ इन्च, तौलः ५० के.जी. र महिलाको हकमा उचाईः ५फिट २ इन्च तौलः ४५ के.जी., आँखाः माईनस २ वा प्लस २ भन्दा बढि कमजोर नभएको।

३. **दरखास्तमा संलग्न गर्नुपर्नेः** उम्मेद्वारको व्यक्तिगत विवरण, शैक्षिक योग्यताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि, नेपाली नागरिकता प्रमाणपत्रको प्रमाणित प्रतिलिपि पेस गर्नुपर्नेछ। पूर्व नेपाली सेना, सशस्त्र प्रहरी बल नेपाल र नेपाल प्रहरीले सम्बन्धित निकायबाट तोकिएको सेवा गरेको अनुभव पत्र दरखास्त फारामसंगै पेस गर्नु पर्नेछ।

४. **परिक्षाको किसिमः** प्रारम्भिक स्वास्थ्य परीक्षण र शारीरिक तन्दुरुस्ती परीक्षण र अन्तरवार्ता।

५. **परीक्षा केन्द्रः** नगरपालिकाले तोके बमोजिम हुने।

६. **दरखास्त दस्तुरः** पदपूर्ति समितिले निर्धारण गरे बमोजिम हुने।



अनुसूची -४

(दफा १२ को उपदफा २ सँग सम्बन्धित)

**रत्ननगर नगरपालिका**

नगर कार्यपालिकाको कार्यालय

बकुल्लार, चितवन, बागमती प्रदेश, नेपाल

हालसालै खिचेको पासपोर्ट साइजको पूरै मुखाकृति देखिने फोटो

**नगर प्रहरी करार सेवाका लागि दरखास्त फाराम**

दरखास्त दिनेको नामः

बिज्ञापन नम्बरः

फाराम पेस गर्ने कार्यालयः

व्यक्तिगत विवरणः

| | | | |
|---|---|---|---|
| व्यक्तिगत विवरणः | नाम थर | (देवनागरीमा) ............................... | |
| | | (अंग्रेजी ठूलो अक्षरमा)...... | लिङ्गः |
| | नागरिकता नम्बर....... | जारी गर्ने जिल्ला... | जारी मिति........ |
| स्थायी ठेगाना | जिल्ला............. टोल......... | (ख) न.पा. (ङ) मार्ग / घर नं. | वडा नं. (च) फोन नं. / मोबाइल नं. |
| पत्राचार गर्ने ठेगानाः | | | ईमेलः |
| बाबुको नाम, थरः | | जन्म मितिः (बि.सं.मा): | |
| | | ई.सं.माः | |
| बाजेको नाम, थरः | | हालको उमेरः वर्षः महिनाः | |

**शैक्षिक योग्यता/ तालिमः**

दरखास्त फाराम भरेको पदको लागि चाहिने आवश्यक न्यूनतम शैक्षिक योग्यता र तालिम मात्र उल्लेख गर्नेः

| आवश्यक न्यूनतम योग्यता | विश्वविद्यालय/बोर्ड/ तालिम दिने संस्था | शैक्षिक उपाधि/ तालिम | संकाय | श्रेणी/ तह | मूल विषय |
|---|---|---|---|---|---|
| शैक्षिक योग्यता | | | | | |
| तालिम | | | | | |



CamScanner

अनुभव सम्बन्धी व्यवस्थाः

| कार्यालय | पद | सेवा/समूह/उपसमूह | श्रेणी/तह | स्थायी/अस्थायी/करार | अवधि | |
|---|---|---|---|---|---|---|
| | | | | | देखि | सम्म |
| | | | | | | |
| | | | | | | |

आवेदकले यस दरखास्तमा बुझाएको सम्पूर्ण विवरणहरु सत्य साँचो छ । दरखास्त बुझाएको पदको लागि अयोग्य ठहरिने गरी कुनै सजाय पाएको छैन । यस दरखास्तमा पेस गरेको विवरण झूठा साबित भए कानून बमोजिम सहुँला/बुझाउँला । उम्मेदवारको हैसियतले पालना गर्नुपर्ने भनी प्रचलित कानून तथा आवेदनमा उल्लिखित सबै नियम तथा शर्तहरुको पालना गर्न मञ्जुर छु । साथै सम्झौतामा उल्लेख सबै शर्तहरुको पालना गर्नेछु र सम्झौताको समय भन्दा अगावै करारको अन्त्य गर्नुपर्दा कम्तीमा तीन महिनाको पूर्वसूचना दिनेछु ।

| उम्मेदवारको नामः | | उम्मेद्वारको दस्तखत र मितिः |
|---|---|---|
| दायाँ | बायाँ | |
| | | |
| कार्यालयले भर्ने : | | |
| रसिद/भौचर नं. | | रोल नं. |
| दरखास्त अस्वीकृत भए सो को कारणः | | |
| दरखास्त रुजु गर्ने अधिकारीको नाम र दस्तखतः | | |





## अनुसूची-५

(दफा १३ सँग सम्बन्धित करार सम्झौताको ढाँचा)

**रत्ननगर नगरपालिका**

नगर कार्यपालिकाको कार्यालय,

बकुल्लर , चितवन, बागमती प्रदेश, नेपाल

करार सम्झौता

रत्ननगर नगरपालिका, नगर कार्यपालिकाको कार्यालय (यसपछि यस सम्झौतामा प्रथम पक्ष भनि सम्बोधन गरिएको) र .................................... महानगरपालिका/उप-महानगरपालिका/नगरपालिका, वडा नं ......................बस्ने श्री...............................................................(यसपछि यस सम्झौतामा दोश्रो पक्ष भनि सम्बोधन गरिएको) का बीच रत्ननगर नगरपालिकाको नगर प्रहरी कर्मचारीको रुपमा कामकाज गर्न/गराउन मिति.................................... को निर्णय अनुसार देहायका कार्य र शर्तको अधिनमा रहि दोश्रो पक्षले पहिलो पक्षलाई सेवा उपलब्ध गराउन मञ्जुर भएकाले यो करार सम्झौता गरी एक/एक प्रति आपसमा बुझि लियौं/दियौं:

(१) कामकाज सम्बन्धमा: दोस्रो पक्षले आफूलाई तोकिएको जिम्मेवारी अनुसारको कार्य पहिलो पक्षले तोक़ेको समय र स्थानमा उपस्थित भई गर्नु पर्नेछ र आवश्यकतानुसार थप कार्य समेत गर्नु पर्नेछ ।

(२) काम गर्नुपर्ने स्थानः रत्ननगर नगरपालिकाको भौगोलिक क्षेत्रभित्र।

(३) करारमा काम गरे बापत पाउने पारिश्रमिक तथा सेवा सुविधा प्रत्येक महिना व्यतित भएपछि पहिलो पक्षले दोश्रो पक्षलाई मासिक रुपमा रु. .................... (अक्षरेपी ....................................) पारिश्रमिक उपलब्ध गराउनेछ । सेवा सुविधाको हकमा भने नगर कार्यपालिकाले तोके बमोजिम हुनेछ ।

(४) आचरणको पालना: दोश्रो पक्षले रत्ननगर नगरपालिकाको प्रचलित कानूनमा व्यवस्था भएका आचरण तथा अनुशासन सम्बन्धी व्यवस्थाहरु पालना गर्नु पर्नेछ ।

(५) बिदा: सेवा करारमा नियुक्त नगर प्रहरी कर्मचारीले अधिकारको रुपमा बिदाको दावी गर्न पाउने छैन । कामको अनुकुल हेरी बिदा दिने अधिकारीले आवश्यकताका आधारमा बिदा दिन अथवा नदिन पनि सक्नेछ । साथै कार्यालयको लागि आवश्यक परेको खण्डमा बिदाको दिनमा पनि सेवा उपलब्ध

गराउनु पर्नेछ। अन्य बिदाको हकमा भने रत्नगर नगरपालिकाको नगर प्रहरी सेवा सञ्चालन कार्यविधि, २०८० मा व्यवस्था भएबमोजिम हुनेछ।

(६) कार्यालय सम्पत्तिको सुरक्षाः दोस्रो पक्षले कार्यालयको चल अचल सम्पत्तिको नोक्सानी वा हिनामिना गरेमा सो को क्षतिपूर्ति वा हानी नोक्सानीको विगो दोश्रो पक्षले पहिलो पक्षलाई दिनु पर्नेछ।

(७) गोपनियताः दोस्रो पक्षले कार्यालयको कागजपत्र, जिन्सी सामान एवं गोप्य कुरा वा कागजात कुनै अनधिकृत व्यक्ति वा संस्थालाई उपलब्ध गराएको प्रमाणित भएमा दोस्रो पक्षलाई करारवाट हटाई सोबाट भएको हानी नोक्सानीको क्षतिपूर्ति दोश्रो पक्षबाट भराईनेछ र कालो सूचीमा समेत राखी कानूनबमोजिम कारवाही गरिनेछ।

(८) करार अवधिः यो करार मिति.............. देखि लागू भई मिति............... सम्मको लागि हुनेछ।

(९) कार्यसम्पादन मूल्यांकनः पहिलो पक्षले दोस्रो पक्षको कार्य सम्पादन मूल्यांकन गर्ने र सो मूल्यांकन गर्दा सालबसाली निरन्तरता दिन उपयुक्त देखिएमा करार अवधि थप हुन सक्नेछ।

(११) पारिश्रमिक कट्टी र करार सेवाको शर्तको अन्त्यः दोश्रो पक्षले पहिलो पक्षबाट बिदा स्वीकृत नगराई लगातार अनुपस्थित रहेमा सो अवधिको पारिश्रमिक दामासाहीले कट्टा गरिनेछ।

(१२) दावी नपुग्नेः दोस्रो पक्षले यस करार बमोजिम काम गरेको आधारमा पछि कुनै पनि पदमा अस्थायी वा स्थायी नियुक्ति हुनका लागि दाबी गर्न पाउने छैन र गर्ने छैन।

(१३) प्रचलित कानून लागू हुनेः यस सम्झौतामा उल्लेख नभएको कुरा प्रचलित नेपाल कानून बमोजिम हुनेछ।

| | |
|---|---|
| रत्ननगर नगरपालिकाको तर्फबाटः | दोस्रो पक्ष(करार गर्ने व्यक्ति) |
| हस्ताक्षरः | हस्ताक्षरः |
| नामः | नामः |
| पदः | पदः |
| मितिः | मितिः |
| कार्यालयको छापः | |





अनुसूची - ६

(दफा १३ सँग सम्बन्धित)

रत्ननगर नगरपालिका

नगर कार्यपालिकाको कार्यालय,

बकुल्लर, चितवन, बागमती प्रदेश, नेपाल

च.नं. मितिः

प.सं.

श्री .......................................,

ठेगाना .........................

विषयः करार सम्बन्धमा।

तपाईलाई मिति ...............................को निर्णयानुसार................................ (पदको नाम) का लागि यसैसाथ संलग्न करार (सम्झौता) बमोजिम मिति ......... देखि .............. सम्म करारमा राखिएको हुँदा संलग्न कार्यशर्त अनुरुप आफ्नो काम इमान्दारीपूर्वक र व्यावसायिक मूल्य मान्यता अनुरुप गर्नुहुन जानकारी गराइन्छ। साथै आफ्नो काम कर्तव्य पालना गर्दा यस नगरपालिकाको कर्मचारीले पालना गर्नुपर्ने आचार संहिता र आचरणको समेत परिपालना हुन जानकारी गराइन्छ।

.....................

प्रमुख प्रशासकीय अधिकृत

**बोधार्थः**

श्री आर्थिक प्रशासन शाखाः प्रमाणित हाजिर/Time Sheet सहितको प्रतिवेदनका आधारमा सम्झौता बमोजिमको रकम मासिक रूपमा उपलब्ध गराउनुहुन।

श्री प्रशासन शाखाः अभिलेख तथा हाजिरीको व्यवस्था हुन।



CamScanner

## अनुसूची ३

### नगर प्रहरी अन्तर्गत जवान पदका लागि लिइने प्रयोगात्मक परीक्षाको पाठ्यक्रम

| सि. नं | चरण | विवरण | पूर्णाङ्क | उत्तिर्णाङ्क |
|---|---|---|---|---|
| १ | प्रथम चरण | प्रारम्भिक स्वास्थ्य परीक्षण परीक्षा | | |
| २ | दोश्रो चरण | शारीरिक तन्दुरुस्ती परीक्षण | ७० | २८ |
| ३ | अंक गणना | शैक्षिक योग्यता, अनुभव र स्थानीयता | ८० | |
| ४ | तेश्रो चरण | अन्तरवार्ता | २० | |

#### प्रथम चरण

१. **प्रारम्भिक स्वास्थ्य परीक्षण**

प्रारम्भिक स्वास्थ्य परीक्षण गर्दा कु नै उम्मेदवारको देहायको अवस्था देखिएमा निजहरुलाई पहिलो चरणबाटै हटाइनेछ र निजहरुलाई शारीरिक तन्दुरुस्ती परीक्षण परीक्षामा सहभागी गराइने छैन।

क) आँखा +२ वा -२ भन्दा बढी कमजोर भएमा,

ख) रगत परीक्षण गर्दा मधुमेह भेटिएमा।

ग) उचाई पुरुषको हकमा ५ फिट ५ इन्च र महिलाको हकमा ५ फिट २इन्च भन्दा कम भएमा

घ) पुरुषको हकमा छाती नफूलाउँदा ३१ र फूलाउँदा ३३ इन्च नभएमा

ङ) तौल पुरुषको हकमा ५० के जी र महिलाको हकमा ४५ के जी भन्दा कम भएमा

च) अस्वभाविक शारीरिक शारीरिक बनावट भएमा।

#### दोस्रो चरण

२. **शारीरिक तन्दुरुस्ती परीक्षण परीक्षा**

**क. १००० मिटर दौड**

| सि. नं. | पुरुषको लागि समायावधी | महिलाको लागि समयावधी | कूल अङ्क |
|---|---|---|---|
| १ | ३०० सेकेन्ड वा सोभन्दा कम | ३६० सेकेन्ड वा सो भन्दा कम | २० |
| २ | ३१० सेकेन्डसम्म | ३७० सेकेन्डसम्म | १८ |
| ३ | ३२० सेकेन्डसम्म | ३८० सेकेन्डसम्म | १६ |
| ४ | ३३० सेकेन्डसम्म | ३९० सेकेन्डसम्म | १४ |
| ५ | ३४० सेकेन्डसम्म | ४०० सेकेन्डसम्म | १२ |
| ६ | ३५० सेकेन्डसम्म | ४१० सेकेन्डसम्म | १० |
| ७ | ३६० सेकेन्डसम्म | ४२० सेकेन्डसम्म | ८ |
| ८ | ३६० सेकेन्ड वा सोभन्दा बढी | ४२० सेकेन्ड वा सोभन्दा बढी | अनुत्तीर्ण |





**ख. पुस अप**

| सि. नं | पुरुषको लागि | महिलाको लागि | कूल अङ्क |
|---|---|---|---|
| १ | २० पटक वा सो भन्दा बढी | १४ पटक वा सो भन्दा बढी | १० |
| २ | १७ पटकसम्म | ११ पटकसम्म | ८ |
| ३ | १४ पटकसम्म | ८ पटकसम्म | ६ |
| ४ | १० पटकसम्म | ४ पटकसम्म | ४ |
| ५ | १० पटकपनि गर्न नसक्ने | ४ पटकपनि गर्न नसक्ने | अनुत्तीर्ण |

**ग. चिन अप / पुल अप**

| सि. नं | पुरुषको लागि | महिलाको लागि | कूल अङ्क |
|---|---|---|---|
| १ | १२ पटक वा सोभन्दा बढी | ३ पटक वा सोभन्दा बढी | १० |
| २ | १० पटकसम्म | २ पटकसम्म | ८ |
| ३ | ८ पटकसम्म | १ पटकसम्म | ६ |
| ४ | ५ पटकसम्म | ३० सेकेन्डसम्म झुण्डिन सक्ने | ४ |
| ५ | ५ पटकपनि गर्न नसक्ने | ३० सेकेन्डसम्म झुण्डिन नसक्ने | अनुत्तीर्ण |

**घ. सिट अप**

| सि. नं | पुरुषको लागि | महिलाको लागि | कूल अङ्क |
|---|---|---|---|
| १ | २० पटक वा सोभन्दा बढी | १४ पटक वा सोभन्दा बढी | १० |
| २ | १८ पटकसम्म | ११ पटकसम्म | ८ |



CamScanner

| | | | |
|---|---|---|---|
| ३ | १५ पटकसम्म | ८ पटकसम्म | ६ |
| ४ | १२ पटकसम्म | ५ पटकसम्म | ४ |
| ५ | १२ पटकसम्म पनि गर्न नसक्ने | ५ पटकसम्म पनि गर्न नसक्ने | अनुत्तीर्ण |

**ङ. लङ जम्प**

| सि. नं | पुरुषको लागि | महिलाको लागि | कूल अङ्क |
|---|---|---|---|
| १ | १५ फिट वा सोभन्दा माथि | १२ फिट वा सोभन्दा माथि | १०.०० |
| २ | १४ फिटसम्म | ११ फिटसम्म | ८.५० |
| ३ | १३ फिटसम्म | १० फिटसम्म | ७.०० |
| ४ | १२ फिटसम्म | ९ फिटसम्म | ५.५० |
| ५ | ११ फिटसम्म | ८ फिटसम्म | ४.०० |
| ६ | ११ फिट भन्दा कम | ८ फिटभन्दा कम | अनुत्तीर्ण |
| **३ पटकसम्म प्रयास गर्न पाउने।** | | | |

**च. हाई जम्प**

| सि. नं | पुरुषको लागि | महिलाको लागि | कूल अङ्क |
|---|---|---|---|
| १ | ४.५ फिटसम्म | ३.५ फिटसम्म | १० |
| २ | ४.० फिटसम्म | ३.० फिटसम्म | ८ |
| ३ | ३.५ फिटसम्म | २.५ फिटसम्म | ६ |
| ४ | ३.० फिटसम्म | २.० फिटसम्म | ४ |
| ५ | ३.० फिटसम्म गर्न नसक्ने | २.० फिटसम्म पनि गर्न नसक्ने | अनुत्तीर्ण |
| **३ पटकसम्म प्रयास गर्न पाउने।** | | | |

नोट: माथि उल्लेखित कुनै एक इभेन्टमा अनुत्तिर्ण हुने उम्मेदवारलाई सो पछिको इभेन्टमा सहभागी गराइने छैन।





**अंक गणना**

**१. शैक्षिक योग्यता वापत: ६० अंक**

क. न्यूनतम शैक्षिक योग्यता वापत ५० अंक

ख. माथिल्लो शैक्षिक योग्यता वापत: १० अंक

**२. कार्य अनुभव वापत: १० (दश) अंक**

(प्रति वर्ष २ अंकको दरले, नेपाली सेना, नेपाल प्रहरी र सशस्त्र प्रहरी बल नेपालमा सेवा गरेको प्रत्येक वर्षका लागि २ अंकका दरले बढीमा १० अंक प्रमाणित पत्र संलग्न भएको हुनुपर्ने)।

**३. स्थानीय बासिन्दा वापत: १० अंक**

रत्ननगर नगरपालिका भित्रको भए १० अंक

चितवन जिल्लाभित्रको भए ५ अंक

अन्य जिल्लाको भए ० अंक

**<u>तेश्रो चरण</u>**

**१. अन्तरवार्ता परीक्षा:** २० अङ्क

**नोट:** उम्मेदवारले शारीरिक तन्दुरुस्ती परीक्षामा हासिल गरेको अङ्क र अन्तरवार्तामा प्राप्त गरेको अङ्कको कूल योगफलका आधारमा अन्तिम योग्यताक्रम तयार गरी पदपूर्ति समितिले नियुक्तिका लागि सिफारिश गर्नेछ।



CamScanner

# अनुसूची- ५

(दफा ३७ सँग सम्बन्धित पोशाकको विवरण)

प्रति नगर प्रहरी कर्मचारीको लागि

पोशाकको रंग: गाढा हरियो छालाको जुत्ताको रंग: कालो

(१) नं. पोशाक (कटन, उलन) (२) नं. पोशाक (चुस्ता)

| क्र.सं. | सामग्रीको विवरण | अवधि/परिमाण |
|---|---|---|
| १ | सर्ट पाइन्ट कटन | वर्षमा १ पटक |
| २ | सर्ट पाइन्ट उलन | २ वर्षमा १ पटक |
| ३ | छालाको कालो पेटी | ३ वर्षमा १ पटक |
| ४ | ब्यारेट क्याप र हेड ब्याज | २ वर्षमा १ पटक |
| ५ | छालाको बुट | २ वर्षमा १ पटक |
| ६ | चेष्ट प्लेट | वर्षमा १ पटक |
| ७ | चेष्ट प्लेट (पित्तल) | ३ वर्षमा १ पटक |
| ८ | कुम ब्याज | २ वर्षमा १ पटक |
| ९ | आर्म ब्याज | २ वर्षमा १ पटक |
| १० | कम्बल | ३ वर्षमा २ थान |
| ११ | ज्याकेट | ३ वर्षमा १ थान |
| १२ | मोजा | ६ महिनामा १ जोर |
| १३ | उनीको जर्सी | ३ वर्षमा १ थान |
| १४ | तन्ना, दरी | १ वर्षमा १ थान |
| १५ | गेम ड्रेस (ट्रयाक सुट) | १ वर्षमा १ थान |
| १६ | बर्साती | २ वर्षमा १ पटक |
| १७ | पानी बुट | २ वर्षमा १ पटक |
| १८ | गेम कुट्ट | १ वर्षमा १ थान |
| १९ | सिटी एवम सिटी कर्ड | १ वर्षमा १ सेट |
| २० | चुस्ता टोपी | १ वर्षमा १ थान |
| २१ | बेल्ट (कपडाको) | २ वर्षमा १ पटक |
| २२ | पिटि जुत्ता | १ वर्षमा १ जोर |

आज्ञाले

**सुकदेव लम्साल**

प्रमुख प्रशासकीय अधिकृत



CamScanner